
बेहदको परम ज्ञान
आत्मा ज्ञानको तर्फ

केही शब्द

परमशान्ति!

उच्चको पनि उच्च परमधाम निवासी सर्वोच्च अधिकारी सर्वशक्तिमान भगवान, बेहदको परम परम परम महाशिवलाई हाम्रो प्रेमपूर्ण नमस्कार छ। उनको निराकारी, आकारी र साकारी स्वरूपलाई नमस्कार छ। साकारी रूपमा अवतरीत भएर गुप्त रुपमा धर्ती परिवर्तनको कार्य गरिरहनु भएको बेहदको साकारी परम परम परम महाशिव-शक्तिलाई, उनै बेहदको परम माता- पिता लाई हाम्रो याद प्रेम अनि नमस्कार छ । माँ र बापूजीमा हार्दिक वन्दना छ। यो पुस्तकको मूल उद्देश्य सर्व साधारण नेपालीमा ज्ञान पुर्याउनु हो। आशा छ यो पुस्तकद्वारा हजुरहरुको आत्मा ज्ञान जागृत हुनेछ र जीवनको मूल उद्देश्य प्राप्त गर्न सफल हुनुहुनेछ। जीवको मूल उद्देश्य शिव बन्नु हो। त्यसको लागि परम ज्ञान हुनु आवश्यक छ। आशा छ यो पुस्तकको मद्दतले आत्माहरुलाई शिव स्वरूप धारण गर्न सहज हुनेछ। अब आउने समयमा हाम्रो पृथ्वी मात्रै होइन, यो सम्पूर्ण ब्रह्माण्ड, आकाश गंगा, युनिवर्स लगाएत पूरै मल्टिवर्स परिवर्तन हुने वाला छ र आत्मा आफ्नो कर्म तथा पुरुषार्थ अनुसार मुक्ति तथा जीवन मुक्ति प्राप्त गर्ने छन्। त्यसैले उच्चको पनि उच्च परमधाममा जानु छ र यो पाँच तत्वबाट परम तत्व धारण गर्नु छ भने हामीले अहिले देखि नै पुरुषार्थ गर्नु जरुरी छ। हजुरहरुको प्रत्येक क्ष ण अनमोल छ। त्यसैले त्यसलाई आत्मा कल्याणमा लगाउनु होस्। यी जुन हाम्रो चर्म च क्षुले देखिन्छन् ती सब नाशवान छन्। यो अटल सत्य हो कि हामीले एकदिन यो शरीर पनि त्याग गर्नु छ। त्यसैले समयको महत्व बुझ्नुहोस् अनि आत्मा कल्याणमा लगाउनु होस्। हामीले घर गृहस्थ मै बसेर कर्म योगी जीवन बिताउनु छ। खाँदा, बस्दा, काम गर्दा यानि हरेक काम गर्दा गर्दै उनै परमात्मा को हरदम याद गर्नु छ किनकि समय कम छ र पुरुषार्थ ज्यादा छ। उनै परमात्माको हरदम याद गर्नाले नै आत्माको बिकर्म बिस्तारै बिस्तारै बिनाश हुनेछ र आत्मा अन्तमा उनै परमात्मालाई प्राप्त गर्ने छ। किनकि हामी जसलाई याद गर्छौं उसैलाई प्राप्त गर्छौं। अन्त मति सो गति।
अन्तमा हामी यस पुस्तक लेखन तथा प्रकाशनमा सहयोग गर्नु हुने सम्पूर्ण बन्धुहरुलाई धन्यवाद दिन चाहन्छौं।

बेहदको पनि बेहदको परम परम परम महाशान्ति छ।।

<u>आभार</u>

सीता ज्ञवाली

तथा

अरुणा ज्ञवाली




बेहदको पनि बेहदको परम परम परम
महाशान्ति छ।

# बिषय सूचि


बेहद ज्ञानको परिचय -------------------------------------------- १

हद अनि बेहदको आत्मा-------------------------------------------- २

शिव, महाशिव तथा परम महाशिव को अन्तर---------------------- ४

काल चक्र तथा ब्रह्माको समय---------------------------------------- ७

बेहदको विश्व कति विशाल छ--------------------------------------- ९

बेहदको पिता को हुन् ? -------------------------------------------- ११

बेहदको योग कोसँग? ----------------------------------------------- १२

बेहदको विश्वको महापरिवर्तन को महामंत्र------------------------ १३

विनाश होइन अब हुनेछ बेहदको महापरिवर्तन--------------------- १५

स्व : परिवर्तनबाट विश्व परिवर्तन----------------------------------- १७

कसरी बन्ने सहयोगी ? --------------------------------------------- १९

आत्मा स्वरूपमा परम प्रकाशको अनुभूति------------------------- २१

Youtube channel को महत्वपूर्ण जानकारी---------------------- २२

माँ को दिव्य सन्देश--------------------------------------------------- २४

परम महासंकल्प (Affirmations )---------------------------------- २५

हाम्रो ब्रह्माण्डको चित्र ------------------------------------------------ २८

हाम्रो १०० कलाको ब्रह्माण्ड ( Multiverse) को चित्र ---------------- २९

मल्टिवर्सको छोटकरी जानकारी-------------------------------------- ३०

# बेहद ज्ञानको परिचय

गीतामा लेखिएको छ :" जब जब धर्म को ग्लानि हुन्छ, तब तब परमात्मा यस सृष्टीमा साधारण रूपमा आएर अधर्मको अन्त गर्नुहुन्"। के आज धर्मलाई लिएर अत्याचार भइरहेको छैन ? के आज मनुष्य जनावर समान भएका छैनन् ? आज संसार किन यति धेरै गिर्दै गइरहेको छ ? यो भन्दा बढी कलियुग के हुन सक्छ? जो हामी यी आँखाले देख्छौं के त्यो मात्र सत्य हो? हामी यो पाँच तत्वको मृत्युलोकमा कसरी अनि कहिले आयौं यसको रहस्य कसले बताउन सक्दछ? यसको रहस्य कुनै पनि धर्मपिता धर्मगुरु अथवा महात्मा पनि बताउन सक्दैनन्। यसैले श्रीमद्भागवत गीतामा भगवान श्रीकृष्णले भन्नुभएको छः" म नै सन्त, महात्मा अनि गुरुहरुको उद्दार गर्छु।" परमात्मा नै हामीलाई मृत्युलोकबाट अमरलोक जानको लागि दिव्य ज्ञान दिन सक्नुहुन्छ। हामी कसरी यी पाँच तत्वबाट निस्केर परमतत्वको दुनियाँमा जान सक्छौं ? यो दिव्य ज्ञान परमात्माबाट नै प्राप्त हुन सक्छ।

जसरी आमाको गर्भमा पहिला बच्चाको बिजारोपण हुन्छ, अनि फेरी आकार बन्छ अनि बिस्तारै बिस्तारै पाँच तत्वको पुत्ला बन्छ। त्यस्तै गरि हामी निराकारबाट आकार, अनि आकारबाट साकार रूपमा आएका हौं। जब यो धर्ती, वायु, आकाश केही पनि थिएन त्यस बेला के थियो? यी चन्द्रमा, तारा, नक्षत्र, कहाँ बाट आए ? हामी पहिला कहाँ थियौं ? हामी पृथ्वीलोकमा कसरी आयौं? हामी जुन स्थूल आँखाले देख्छौं त्यो सत्य हो भने असत्य के हो? हाम्रो देवी देवताहरु कहाँ गए? के हाम्रो देवी देवता पनि मनुष्य बनिसके? आज धर्तीमा जति पनि धर्म छ, त्यो केही हजार वर्ष अगाडि मात्र आएका हुन् जबकि हाम्रो ब्रह्माण्ड खरबौं वर्ष पुरानो छ। यी सबै धर्मपिताको पूर्वज को हुन्? जब यी धर्महरु थिएनन् तब के थियो? के परमात्मा धर्ममा बाँधिएका छन्? के हामी घरमा बसेर नै परमात्मा प्राप्त गर्न सक्छौं? पृथ्वी हाम्रो ब्रह्माण्डको अगाडी सियोको टुप्पो बराबर छ। हाम्रो शास्त्रमा पनि लेखिएको छ : " प्रतिपल अनन्ता-अनन्त ब्रह्माण्ड बन्दछन् अनि नष्ट हुन्छन "। उसो भए, अनन्त कोटी ब्रह्माण्ड के हो? कसरी बन्यो? कसले बनायो? यसको मालिक को हो? कसले यसलाई संचालन गर्छन्? कसरी संचालन गर्छन्? अनि यसको विसर्जन कसरी गर्छन्? अविनाशी दुनियाँ कहाँ छ? आत्मा त्यहाँ कसरी जान सक्छ? बेहद्को विश्व कति ठूलो छ? यसको आदि मध्य अनि अन्त्यको रहस्य के हो? यी सबै प्रश्नहरुको उत्तर पाउन को लागि बेहदको ज्ञान सागर हामीलाई त्यस गहिराइमा लग्दछ, जहाँ पुगेर आत्माको सबै प्रश्नहरु सकिन्छ अनि आत्मा परम ज्ञान प्राप्त गरेर परम शान्तिको मार्गमा अग्रसर हुन्छ, किनकि आत्माको खोजीको

# हद अनि बेहदको आत्मा

हद मतलब पाँच तत्व, तथा बेहद मतलब हदको दुनियाँ भन्दा पर, परमतत्वको दुनियाँ। जुन यी पाँच तत्व भन्दा परको दुनियाँ हो त्यसैलाई हामी बेहदको दुनियाँ भन्छौं। आत्माको रहस्य त हामी सबै जान्छौं अनि मान्छौं, तर के हामी यसको मूल स्वरूपसंग परिचित छौं? हदको आत्माको सृजना तत्वबाट भयो जबकि बेहदको आत्माको सृजना परम प्रकाशद्वारा भएको हो। हदको आत्मा अनि जीवात्मा दुवै ज्ञानसंग अवगत छैनन्, तसर्थ दुवैमा कुनै भेद छैन। न त उनीहरु परम सत्यको खोजिमा निस्कछन्। उनीहरु यस माया रुपी संसारमा मग्न हुन्छन्। तर बेहदको आत्मा परम दिव्यज्ञानको खोजीमा हर ठाउँमा जान्छन्, उनीहरु विश्वकल्याणमा आफूले कसरी सहयोग गरूँ भनि खोजि रहन्छन्।

हदको आत्माको स्थूल शरीर, सुक्ष्म शरीर अनि कारण शरीर हुन्छ। परन्तु बेहदको आत्मामा बेहदको शक्ति हुन्छ, जुन अनेक आवरणहरुले दबेर बसेको छ। यी शक्तिहरुलाई जगाउनको निम्ति आत्माको शक्तिलाई जगाउनु पर्दछ।

बेहदको आत्मामा बेहदको परमप्रकाश छ। जुन अरबौं खरबौं सूर्य भन्दा पनि शक्तिशाली छ। यो शक्तिलाई जगाउने एक मात्र तरिका छ त्यो होः- आत्माको आवरण हटाएर आफ्नो मूल स्वरूप प्राप्त गर्नु, र त्यसको लागि पुरुषार्थ गर्नुपर्दछ।

| हदको आत्माको आवरण | बेहदको आत्माको आवरण |
|---|---|
| १) आकाश<br>२) अग्नि<br>३) वायु<br>४) जल<br>५) पृथ्वी | १) परम प्रकाश<br>२) परम महतत्व<br>३) परम तत्व(परम आकाश, परम अग्नि, परम वायु)<br>४) आकाश<br>५) अग्नि<br>६) वायु<br>७) जल<br>८) पृथ्वी |

अब प्रश्न यो छ की, आत्मामा शक्ति कसरी आउँछ? त्यसको लागि गीतामा भगवानले भन्नु भएको छः-" तिमी देह अनि देहको सबै सम्बन्धलाई भुलेर, म परमात्माको याद गर, म तिम्रो सबै पाप नाश गरेर तिमीलाई उच्चको उच्च परम धाममा लग्नेछु।"

गीतामा पनि निरन्तर कर्मयोगीको कुरा गरिएको छ। त्यसैले आत्माले आत्मा स्वरूपको अभ्यास गर्नु पर्नेछ। आत्मा स्वरूपको अभ्यासद्वारा नै, आत्मा अनेक आवरणहरुलाई पार गरेर, परम प्रकाश योगबल द्वारा प्राप्त गर्न सक्छ। आत्मा स्वरूपको स्थितिमा स्थित रहेर, बुद्धिद्वारा हामी त्यस बेहदको पनि बेहद अविनाशी परमधाममा गएर, बेहदको परमात्मासंग शक्ति लिएर, आफ्नो बेहदको शक्ति जागृत गर्न सक्दछौं। बेहदको शक्तिको मुहानबाट शक्ति प्राप्तिको निम्ति हामीले बाहिरी आवरण पार गर्नु पर्नेछ। हाम्रो भौतिक वायुमण्डल नकारात्मक उर्जाले भरिपूर्ण छ, तसर्थ आत्माले परम प्रकाश प्राप्त गर्नु पूर्व, शुरुमा आकाश तत्वले ग्रहण गर्छ। आकाश तत्वले ग्रहण गरे पश्चात परम अग्नि तथा परम वायुमा परिवर्तन गरिदिन्छ। परम प्रकाशलाई भौतिक वायुमण्डलको नकारात्मक उर्जाले वायुमण्डलमै विसर्जित गरिदिने भएको हुँदा, परमप्रकाश प्राप्ति हेतु यी आवरणहरु हटाउन नितान्त आवश्यक छ। जसको निम्ति आत्माले परम ज्ञान धारण गर्नु पर्नेछ।

जसरी एउटा दिप प्रज्वलनको निम्ति एउटा आगोको झिल्को यथेष्ट छ त्यस्तै आत्माको दिप प्रज्वलन लगत्तै आत्मा माथिको आवरण हट्दै जाने छ, अनि आत्माले आफ्नो मूल स्वरूप प्राप्त गर्नेछ।

# शिव, महाशिव तथा परम महाशिव को अन्तर

के शिवलाई स्वयम्भू भन्न सक्छौ? के शिवको पनि मृत्यु हुन्छ? के शिव परमात्मा हो? शिवको आत्मा परम प्रकाशले बनेको छ। शिव हाम्रो ब्रह्माण्डको मालिक अर्थात् रचयिता हुन्। एउटा ब्रह्माण्ड माने एउटा सूर्य मण्डल अर्थात् एउटा सोलार सिस्टम् ।

शिव निराकारी रुपमा रचना गर्दछन्। शिव निराकारीबाट, शिव–शक्तिको रूपमा आकारी बन्दछन्। अनि शिव–शक्तिको साकारी रूप शंकर–पार्वती हुन्। शिवलाई स्वयम्भू भनिन्न, कारण उनको पनि रचयिता छन्, जो महाशिव हुन्। महाशिव महाब्रह्माण्डका मालिक हुन्। एउटा महाब्रह्माण्ड माने एउटा आकाश गंगा यानि एउटा ग्यालेक्सी।

ब्रम्हाण्ड अनन्तकोटी छन्। साथै हर ब्रह्माण्डका मालिक शिव हुन, अर्थात शिव पनि अनन्ता–अनन्त छन्। महाशिवको पनि रचयिता छन्। महाशिवको रचयिता परम महाशिव हुन्। परम महाशिव परम महाब्रह्माण्डको मालिक हुन्। परम महाब्रह्माण्ड माने युनिवर्स।

जब ब्रह्माण्ड आरम्भ हुन्छ तब शिवको समय पनि आरम्भ हुन्छ। जस्तो महाशिवले एकबाट अनेक बनूँ भनेर संकल्प गरे, र परम प्रकाशको टुक्रा भएर अनन्ता–अनन्त शिव बने। प्रारम्भमा निराकारी शिवबाट आकारी शिव बने। अनि शिवले आफ्नो संकल्पद्वारा आफूभित्रबाट शक्ति निकाले। आकारी शिव–शक्तिको संयुक्त रूपबाट विष्णुको रचना भयो। शिव-शक्तिको संयुक्तरूपलाई अर्धनारेश्वर रूप पनि भन्छौं। विष्णुको नाभिबाट ब्रह्माको रचना भयो । ब्रह्माले संकल्पद्वारा फरिश्ताहरुको रचना गरे। प्रारम्भमा फरिश्ताहरुको संसार थियो, तत् पश्चात देवताहरू बने र देवता पश्चात मनुष्यहरू बने। रचना हुदै गयो र साथै यो ब्रह्माण्ड पनि गिर्दै गयो। प्रलय, कल्प प्रलय हुँदै गयो। ब्रह्माण्डमा सर्जन र बिसर्जन पनि हुँदै गयो।

शिवले आफ्नो संकल्पद्वारा आफूभित्रबाट शक्ति निकाले। शिव–शक्ति आकारी स्वरूपमा शिवपुरीमा रहन्छन्। शिव–शक्तिको साकारी स्वरूप शंकर–पार्वती हुन् जो हिमालयमा रहन्छन्।

एक सूर्य अर्थात् एक ब्रह्माण्ड, एक ब्रह्माण्डको रचयिता शिव हुन्। यस्ता अनन्तकोटी ब्रह्माण्ड छन्। अर्थात पक्कै पनि शिव पनि अनन्तकोटि नै छन् अथवा हुनु पर्यो। यदि अनन्त कोटी शिव छन् भने उनको रचयिता को हुन् त ? शिव को रचयिता हुन् महाशिव। महाशिव यस महाब्रह्माण्डको रचयिता हुन्। अब हामी यस्ता अरबौं खरबौं महाब्रह्माण्डहरू छन् भन्ने कुरा पनि जान्दछौं, भने पश्चात पक्कै पनि अरबौं खरबौं महाशिव पनि हुनु प–यो। अब महाशिव को रचयिता को हुन् त ? महाशिव को रचयिता परम महाशिव हुन्।

परम महाशिव परम महाब्रह्माण्डका रचयिता हुन्, र आजको दिन सम्म विज्ञानको अनुसार करिब $१०^{(५००)}$ परम महाब्रह्माण्ड छन्, मतलब १ को पछाडि ५०० वोटा सुन्ना थपे पछि जति अंक बन्छ त्यति वटा परम महाब्रह्माण्डहरू छन्। भने पछि पक्कै परम महाशिव पनि त्यति नै छन्।

बेहदको विश्व अनन्त छ, साथै रचयिता पनि अलग अलग अनन्त नै छन्।

शिव, महाशिव र परममहाशिवलाई बुझ्नको लागि, हामी समयलाई बुझ्ने कोशिस गरौं। एक सूर्य अर्थात एक ब्रह्माण्ड। एक ब्रह्माण्डको रचयिता शिव हुन्। शिव यस समय यस ब्रह्माण्डको साथ जोडिएका छन्। भन्नुको तात्पर्य, ब्रह्माण्डको समय आरम्भ हुने बित्तिकै शिवको पनि समय शुरु हुन्छ। जस्तै शास्त्रहरुमा पनि भनिएको छ, हाम्रो ब्रह्माण्डको आयु ब्रह्माको १०० वर्ष को हुन्छ। यो शिवको आयु भयो। ब्रह्माको १०० वर्ष पश्चात शिवको शक्ति क्षीण हुन्छ। तब शिव सूर्यमा प्रवेश गरेर कालाग्नी वर्षाउछन् र पूरै ब्रह्माण्डलाई आफू भित्र समाहित गर्दछन्। यसरी शिव ब्ल्याकहोल बन्दछन्। आज हाम्रो महाब्रह्माण्डमा यस्ता थुप्रै ब्ल्याकहोल घुमिरहेका छन्। ब्ल्याकहोल भित्र पनि शिव नै हुन्छन् । ब्ल्याकहोल भित्र पनि गुरुत्वाकर्षण हुन्छ। गुरुत्वाकर्षण छ मतलब त्यहां चैतन्य शक्ति छ। अर्थात् जब शिव आफू भित्र कालाग्नी पैदा गर्छन् अनि सूर्यमा प्रवेश गर्छन् तब उनी आफ्नो ब्रह्माण्डलाई सखाप पार्छन् र त्यहि ब्ल्याकहोल बन्छ। शास्त्रहरूमा उल्लेख गरिएको छ , प्रति पल अनन्ता -अनन्त ब्रह्माण्ड बन्छन् र बिसर्जन हुन्छन्। त्यसो हो भने कसको प्रतिपल, महाशिव को प्रतिपल। अर्थात् महाशिवको प्रतिपल अनन्ता-अनन्त ब्रह्माण्ड बन्छन् अनि बिसर्जन हुन्छन्। समयको तुलनात्मक उदाहरणको लागि हाम्रो घडीलाई लिने हो भने, शिवको समय सेकेण्डको सुई भयो, महाशिवको समय मिनट को सुई भयो यस्तै गरि परम महाशिवको समय घण्टाको सुई भयो। भनेपछि तपाईहरु अनुमान लगाउन सक्नु हुनेछ बेहदको विश्वको रचयिताको समयको सुईको गति कस्तो होला ?

ब्रह्माको १०० वर्ष महाशिवको एक पल हुन्छ। जब शिवको शक्ति क्षीण हुन्छ तब शिवले आफ्नो ब्रह्माण्डको बिसर्जन गरिदिन्छन्। त्यतिबेला शिव जीव बन्दछ।
परमात्माबाट आत्मा बन्दछ।

शिव निराकारी रूपमा परमधाममा बसी आफ्नो अवतारद्वारा काम गराउदछन्। निराकारी शिव, शिव-शक्तिद्वारा काम गराउँदछन्। अनि शिव-शक्तिले शंकर-पार्वतीद्वारा काम गराउँदछन्। जब जब धर्तीमा आसुरी शक्ति बढ्दै जान्छ , तब प्रलय गरेर विनाश गर्छन्, चार युग पूरा भएपछि अर्ध प्रलय हुन्छ। जब धर्म को पतन हुन्छ अनि पाप र अत्याचार बढ्दै जान्छ, तब शिवले शंकरद्वारा ताण्डव गराई विनाश गराउँदछन्। महाशिव पनि महाकाल बनेर महाप्रलय गर्छन् तत्पश्चात आफ्नो रोमरोममा अनन्तकोटी ब्रह्माण्ड समाहित गर्दछन्। यसप्रकार ब्रह्माण्डको सर्जन तथा बिसर्जन निरन्तर भइरहन्छ।

आजको समयमा, हाम्रो ब्रह्माण्डको उमेर ब्रह्माको पहिलो ५० बर्षको भएको छ। यानि, अहिले ब्रह्माको पहिलो परार्ध सकिएको छ।

जब जब शिवमा शक्ति क्षीण हुदै जान्छ तब बिसर्जन हुन्छ। तत्पश्चात शिव महाशिवबाट शक्ति प्राप्त गरेर फेरी सृजना गर्दछन्। जब शिवले सृष्टि गर्दछन्, तब उनी पनि मन, वचन र कर्मको बन्धनमा बाँधिन्छन। अर्थात शिव, महाशिव तथा परमशिव जब संकल्प द्वारा सृष्टि गर्छन् तब उनीहरुलाई पनि कर्मको बन्धन लाग्दछ। निराकारी शिव पनि कर्म बन्धनमा पर्दछन्। जब उनी रचना गर्छन उनको परम प्रकाश कम हुन जान्छ। निराकारी शिवको काम पूरा ब्रह्माण्डको काम नियन्त्रण गर्नु हो। उनी पूरै ब्रह्माण्डको रेखदेख गर्दछन्। नियम अनुसार जसले सिर्जना गर्दछ, बिसर्जन पनि उसैले गर्दछ। यहाँ बिसर्जनको अर्थ मुक्ति हो। ज्ञान भन्दछ, जब शिव यो ब्रह्माण्डको बिसर्जन गर्दछन् तब आत्माहरूलाई मुक्ति अथवा मोक्ष प्राप्त हुन्छ। ज्ञान परम प्रकाश हो अनि यहि तपाईंलाई सत्यको ज्ञान दिन्छ। वर्तमान परिस्थितिमा मानिसले धर्मकाण्ड गरेर मोक्ष हुन्छ भन्ठान्छन्, तर त्यस्तो हुँदैन।

शिव नै परमात्मा हुन्। परमात्माले फरिश्ता बनाए अनि पछि देवता। फरिश्ता परम तत्वका थिए , भने देवता ३ तत्वका थिए। तत्पश्चात मनुष्य जीवात्मा बने। जनावरलाई पनि जीव नै भन्छौं। जो परमात्मालाई जान्दैनन् ती जीव हुन्।

मनुष्यले शिव परमात्माको ध्यान गर्नु पर्छ। भगवान शंकर पनि शिवकै ध्यान गर्छन कारण भगवान शंकर साकार रुप हुन्। तर वर्तमान परिस्थितिमा शिवको शक्ति क्षीण हुदै गएको छ। त्यसकारण हामीले सर्वशक्तिमान् अधिकारीलाई सम्झनु पर्दछ अथवा ध्यान गर्नु पर्दछ।
श्रीमद्भागवत गीतामा भनिएको छ :-" हे पार्थ यदि तिमी परम पद प्राप्त गर्न चाहन्छौ भने परम तत्वलाई सूर्यको भाँती आफूभित्र प्रकाशित गर अनि तिमी जीवन अनि मृत्युभन्दा माथि जानेछौ अनि परम पदलाई प्राप्त गर्नेछौ।"

भगवान श्री कृष्ण सर्वशक्तिमान् को अवतार हुनुहुन्थ्यो। श्री कृष्ण भगवानले भन्नु भएको थियो " तिमी मेरो ध्यान गर, सारा धर्म छोडेर मेरो शरणमा आउ, मलाई जान, म तिमीलाई उच्चको पनि उच्च परमधाममा लानेछु"।

गीतामा भगवानले यो पनि भन्नु भएको छ, 'म जप तप ध्यान योग द्वारा प्राप्त हुन्न म ज्ञानद्वारा प्राप्त हुन्छु।'

# काल चक्र तथा ब्रह्माको समय

| | |
|---|---|
| कलियुग को आयु | ४,३२,०००वर्ष |
| द्वापर युगको आयु | ८,६४,०००वर्ष |
| त्रेता युगको आयु | १२,९६,०००वर्ष |
| सत्ययुगको आयु | १७,२८,०००वर्ष |
| एक चतुर्युगको समय | ४३,२०,०००वर्ष |

धर्तिमा जब ४ युग बित्छ, अर्थात् धर्तिमा जब ४३,२०,०००वर्ष बित्छ, तब यहाँ अर्ध प्रलय हुन्छ। अर्थात् केहि आत्मा बाँकी रहन्छन्।
यसै गरि जब ७१ पल्ट चतुर्युग बित्दछ, त्यसलाई मन्वन्तर भनिन्छ। यसै गरि जब १४ मन्वन्तर बित्छ त्यसबेला एक कल्प प्रलय हुन्छ। एक कल्पमा तीन लोक भूलोक, भुवरलोक, स्वर्गलोक समाप्त हुन्छ।
स्वर्गलोकमा रहने देवताको जो आयु छ त्यो आयु ब्रह्माको एक दिन बराबर हुन्छ।

१४ मन्वन्तर = १००० चतुर्युग = ब्रह्माको १ दिन = ४ अरब ३२ करोड वर्ष।

१ चतुर्युग = १अर्ध प्रलय

७१ चतुर्युग = १ मन्वन्तर प्रलय

१००० चतुर्युग = १ कल्प प्रलय

३६०००कल्प = १ महाकल्प प्रलय

**ब्रह्माको समय**

ब्रह्माको १ दिन = ४अरब ३२ करोड वर्ष = १००० चतुर्युग

ब्रह्माको दिन रात = ८ अरब ६४ करोड वर्ष

ब्रह्माको १ महिना = २ खरब ५१ अरब २० करोड वर्ष

ब्रह्माको १ वर्ष = ३१ खरब १० अरब ४० करोड वर्ष

ब्रह्माको ५० वर्ष = १परार्ध = १५ नील ५५ खरब २० अरब वर्ष

ब्रह्माको १०० वर्ष = २परार्ध = ३१ नील १० खरब ४० अरब वर्ष

ब्रह्माण्डको आयु = ब्रह्माको १०० वर्ष

ब्रह्माको १०० वर्ष पूरा भएपछि शिवको शक्ति क्षिण हुनेछ, अनि उनी सूर्यमा प्रवेश गरेर कालाग्नि वर्षा गर्नेछन् अनि पूरा ब्रह्माण्डको १४ लोकलाई आफ्नो रोमरोममा गाभ्दछन्। अर्थात पूरा ब्रह्माण्ड शिवमा समाहित हुन्छ। अनि यसरी ब्ल्याकहोल बन्दछ। शिवसंग अर्को पटक सृष्टि गर्ने शक्ति नहुनाले उनी रचना गर्दैनन्, अनि यही महाब्रह्माण्डमा यानि ग्यालेक्सीमा नै घुमेर बस्दछन्। महाब्रह्माण्डमा अनेकौं ब्ल्याकहोल छ भन्ने अवधारणालाई विज्ञानले पनि प्रमाणित गरेको छ। तत् पश्चात महाशिवले अर्को शिवलाई अर्को ब्रह्माण्ड सृष्टि को लागि पठाउँछन्। त्यसैले त भनिएको छ प्रत्येक पल अनन्ता –अनन्त ब्रह्माण्ड सृष्टि हुन्छन् अनि संगै नाश पनि हुन्छन्।

तर कसको प्रतिपल? निश्चय नै महाशिवको प्रतिपलमा अनन्तकोटी ब्रह्माण्ड बन्छन् अनि बिग्रन्छन्। यस प्रकारले उत्पति , प्रलय, महाप्रलय को चक्र निरन्तर चलिरहन्छ। यसैलाई महाकल्प चक्र भनिन्छ।

## <u>वर्तमान समय हिन्दू काल गणना</u>

अहिले ब्रह्माको पहिलो परार्ध पूर्ण भएर दोस्रो परार्ध चलिरहेको छ। दोस्रो परार्ध को पनि पहिलो दिन चलिरहेको छ। पहिलो दिनको छैठौं मन्वन्तर बितिसकेको छ र सातौँ मन्वन्तर चलिरहेको छ। यो सातौँ मंवन्तरमा पनि २७औं चतुर्युग बितेर अहिले २८औं चतुर्युग चलिरहेको छ। अनि २८औं चतुर्युगको पनि कलियुग चलिरहेको छ। यो कलियुग को पनि ५११८ वर्ष पूरा भइसकेको छ।

शास्त्रको अनुसार कलियुग अहिले बाल्यावस्थामा छ। यसको आयु पूरा हुनलाई करिब ४,२६,८८२ वर्ष बाँकी छ। यदि यो कल्प र ब्रह्माण्ड पूरा हुनलाई खरबौं वर्ष बाँकी छ भने, अहिले कस्तो समय चलिरहेको छ त? हिन्दू काल गणना अनुसार कल्की अवतारको लाखौँ वर्ष बाँकी छ भने प्रश्न यो हुनेछ , के इश्वर पनि समयको समयमा बन्धायमान छन्? के उनी कालचक्र बदल्न सक्दैनन्? के इश्वर केही नगरिकन काल चक्र पर्खेर बस्नेछन्? के उनी कालचक्र पूरा हुनु पूर्व नै यो गिर्दै गएको सृष्टि परिवर्तन गर्न सक्दैनन् ?

यस्तै केहि प्रश्नहरुको उत्तर केवल अनि केवल परमपिताले नै दिन सक्दछन्।

# बेहदको विश्व कति विशाल छ?

दुनियाँ कति ठूलो छ? यो प्रश्न धेरै छोटो छ तर के जवाफ त्यति नै छोटो छ? आज हामी सबै धर्म, जाती, मजहब अनि अनेकौं बन्धनमा फसेका छौं। यो सब माया-जाल, मोह अनि सम्बन्धबाट मुक्ति कसरी मिल्न सक्छ? के कुनै यस्तो दुनियाँ पनि छ जहाँ यो सारा बन्धन समाप्त भएर आत्मा मूल स्वरूपमा स्थित हुन सक्छ? के यो सम्भव छ?

बेहदको विश्व कति ठूलो छ ? शास्त्रहरूको अनुसार अनन्तकोटि ब्रह्माण्ड छन्। एक ब्रह्माण्ड अर्थात एउटा सूर्य, एउटा सूर्यको गुरुत्वाकर्षण जहाँ सम्म जान्छ त्यहाँ सम्म एक ब्रह्माण्ड छ।
विज्ञानको अनुसार १५० अरब प्रकाश वर्ष सम्म युनिवर्स यानी परम महाब्रह्माण्ड देखिन्छ। १५० अरब प्रकाश वर्षमा कति खरब युनिवर्स छन्? अनि एक युनिवर्समा कयौं अरबौं आकाशगंगा यानी ग्यालेक्सीहरू छन्। अनि प्रत्येक आकाशगंगा अथवा ग्यालेक्सी अथवा महाब्रह्माण्डमा अरबौं सौर्यमण्डल छन्। जस्तो हाम्रो आकाशगङ्गा ( Milkyway galaxy) मा करिब ८००अरब सूर्यमण्डल छन्। हाम्रो नजिक को तारापुञ्ज अण्ड्रोमेडामा करिब १००० अरब सूर्यमण्डल छन्। अरबौं सूर्यमण्डल मिलेर एउटा आकाश गङ्गा बन्छ। अनि यसको बिचमा एउटा महासूर्य छ।

त्यस महासूर्यको शक्तिले नै ८०० अरब सूर्यमण्डल त्यसको वरिपरि घुमिरहेको छ। जस्तो हाम्रो सूर्यको गुरुत्वाकर्षणले ग्रहहरु सूर्यको वरिपरि घुम्छन्। भनेपछि जुन महासूर्यको गुरुत्वाकर्षणले अरबौं सूर्यमण्डल चलिरहेका छन्, त्यस महा सूर्यको शक्ति कति छ भनेर यसैबाट अनुमान गर्न सकिन्छ।

एउटा आकाश गंगाको गुरुत्वाकर्षण करिब १ लाख प्रकाश वर्षसम्म जान्छ। हाम्रो आकाशगंगामा ८०० अरब सौर्यमण्डल छन्। अनि फेरि अरबौं आकाशगंगा अथवा महाब्रह्माण्ड मिलेर एउटा परममहाब्रह्माण्ड अथवा युनिवर्स बन्दछ। यस्ता खरबौं परममहाब्रह्माण्ड छन्। १५०अरब प्रकाश वर्ष भित्र भएका परममहाब्रह्माण्ड यानी युनिवर्सलाई भिजिबल युनिवर्स अथवा दृश्य परममहाब्रह्माण्ड भनिन्छ। तर त्यो भन्दा पर के छ विज्ञानले पनि भन्न सकिरहेको छैन। आज विज्ञान पनि मल्टिभर्सको कुरा गर्दछ। मल्टिभर्सको अगाडि हाम्रो धर्ति सियोको टुप्पो जति पनि छैन। हाम्रो जुन सूर्य छ त्योभन्दा खरबौं गुणा ठूला सूर्यहरू छन्। १५० अरब प्रकाश वर्षको दृश्य परममहाब्रह्माण्ड (भिजिबल युनिवर्स) पनि शून्य(0) कलामा छ। १५० अरब प्रकाश वर्ष सम्मको ब्रह्माण्डहरु शून्य कलाका छन्। यो भन्दा माथिको १ कला थाहा पाउनको निम्ति हामीले पहिला, कला अनि कालचक्र बुझ्नु आवश्यक छ।

विज्ञान पनि समय, समयको अवधि र गतिको बीच के सम्बन्ध छ त्यो खोजि गरिरहेका छन्। आत्मामा जति शक्ति छ त्यति नै धेरै संकल्प शक्ति हुन्छ। अनि संकल्प शक्तिद्वारा आत्मा जे चाहियो त्यहि गर्न सक्छ। तर आज आत्मामा शक्ति शून्य बराबर छ , आत्मामा सम्झिने बुझ्ने शक्ति पनि क्षीण हुदै गएको छ। त्यसैले पाँच तत्वमा नै बुद्धि अड्केर बसेको छ। परमज्ञानलाई जानेर नै आत्मा सारा रहस्य बुझ्न सक्छ। आत्मालाई परमात्माले रचे अनि परमात्मालाई परमपिताले रचे। पूरै बेहदको विश्वमा परमपिता एक छन्, परमात्मा अनेक छन्। सर्वशक्तिमान अधिकारी अलमाइटि अथोरिटी (Almighty Authority) ले परमपिताको रचना गर्नु भयो अनि परमपिताले परमात्माहरुको रचना गरे अनि परमात्माले देव-आत्मा अर्थात देवताको रचना गरे। देवताले मनुष्यको रचना गरे। मनुष्यहरु पनि गिर्दै गिर्दै ८४ लाख योनि मा गए।

बेहदको विश्व जान्न को लागि ' म को हुँ ' भन्ने कुरा जान्नु पर्नेछ। म एक आत्मा हुँ , शरीर त आत्मा को लागि कर्म गर्ने साधन हो। पाँच तत्वको शरीर त केहि पनि होइन। धर्तीबाट २०० किलोमीटर माथि जहासम्म धर्तीको गुरुत्वाकर्षण छ त्यो भन्दा माथि आकाश तत्व छ।

हाम्रो स्थूल शरीर जुन पाँच तत्वले बनेको छ त्यसभित्र वायुमयी शरीर छ अनि वायुमयी शरीर भित्र पनि आकाश तत्वको शरीर छ। आकाश तत्वको शरीर भित्र पनि महतत्वको शरीर हुन्छ। अनि त्यस महतत्वको शरीर भित्र पनि अंश मात्रमा परमतत्वको शरीर हुन्छ। यहि परमतत्वमा नै आत्माको नियन्त्रण गर्ने शक्ति हुन्छ। जसलाई जगाएर हामी सुक्ष्म , कारण अनि महाकारण शरीरलाई शक्ति प्रदान गर्न सक्दछौं अथवा जागृत गर्न सक्छौं। साथै दिव्य दृष्टिद्वारा हामी दिव्यलोक, अनन्तकोटि ब्रह्माण्ड, अरबौं खरबौं सूर्य तथा पूरै बेहदको विश्व देख्न सक्छौं। बेहदको विश्व किन बन्यो, कसरी बन्यो , निराकारी दुनियाँ कसरी बन्यो , निराकारीबाट आकारी फेरी आकारीबाट साकारी कसरी बन्यो? बेहदको रचयिता को हुँन्? लौकिक, अलौकिक र पारलौकिक दुनियाँ कस्तो छ? सिर्फ हाम्रो ब्रह्माण्डको मात्र कुरा होइन यस्तो अनन्तकोटि ब्रह्माण्ड छन् जुन मिलेर आकाशगंगा बन्दछ। अनि यस्तो अरबौं तारापुञ्ज अथवा आकाश गंगा मिलेर परममहाब्रह्माण्ड अर्थात् युनिवर्स बन्दछ। यस्ता परममहाब्रह्माण्ड (युनिभर्स) $१०^{(५००)}$ छन् , जति समुन्द्र किनाराको बालुवाको कण छन् त्यति नै परममहाब्रह्माण्ड छन्।

बेहदको विश्व बुझ्नको लागि बेहदको बुद्धि चाहिन्छ, जसको निम्ति आत्मा सतो प्रधान हुनु अत्यावश्यक छ। आज वायुमण्डल नकारात्मक हुनाको कारणले आत्मा तमो प्रधान बनेको छ। जसको फलस्वरूप नचाहँदा नचाहँदै पनि आत्मा, श्वास- प्रश्वासद्वारा नकारात्मक वायु लिइरहेको छ। जसको कारणले हाम्रो वायुमयी शरीर नकारात्मक भएको छ। यसले हाम्रो विचारहरु पनि प्रभावित भएको छ। आत्माको शक्ति जागृत गर्नको निम्ति हामीले हाम्रो मनलाई परिवर्तन गर्नु पर्दछ जसको कारणले वायुमण्डल पनि बिस्तारै परिवर्तन हुन्छ।

# बेहदको पिता को हुन् ?

बेहदको पिता अथवा अलमाइटि अथोरिटी को हुन्? सबैभन्दा माथिको यानि अन्तिम पारब्रह्म परमेश्वर को हुन्? जसलाई मोहम्मदले नूर भने जसलाई येशुले लाइट भने आखिर उनी को हुन् , जसले यत्रो ठूलो दुनियाँ बनाए, जसले अरबौं खरबौं ब्रह्माण्ड बनाए? कति शक्ति छ उनमा जो यो विश्वलाई चलाउछन्? कैयौं अरबौं खरबौं सौर्यमण्डल यानी तारालाई कसले चलाउछन्? कसमा यति शक्ति छ? अनि कसरी चलाउँछ यत्रो ठूलो विश्वलाई ? कोहि न कोहि त अवश्य चाहिन्छ यसलाई चलाउन। यदि हामी मानिसको कुरा गर्दछौ भने पनि आत्मा बिना शरीर चल्न सक्दैन। भने पश्चात यी अरबौं खरबौं ब्रह्माण्डहरु कसरी चलिरहेका छन् त? अवश्य सोचनीय छ।

हाम्रो धर्ति यो बेहदको विश्वमा सियोको टुप्पो जत्रो पनि छैन। अनि हाम्रो ब्रह्माण्ड, आकाशगंगामा रायोको दाना जत्रो छ। यी अरबौं खरबौं तारपुञ्जहरु बेहदको विश्वको अगाडी शून्य बराबर छन्। भने पछि कति अपार शक्ति होला त्यो परम सत्तासंग, के हामी अनुमान लगाउन सक्दछौं?

हाम्रो शास्त्रहरुमा भनिएको छ कि अरबौं शक्ति पनि उस पारब्रह्म परमेश्वरको अगाडि एक अंश मात्रको शक्ति हो। उसको अंश मात्रको शक्तिबाट बेहदको विश्वको सृजना गर्छन्, चलाउछन् अनि विसर्जन पनि गर्दछन। अब, बेहदको पिता को हुन् त्यो जान्ने कोशिस गरौं । पिता अनि बेहद दुइटा शब्दलाई अलग अलग गरेर बुझौं। पिता त स्थूल शरीरमा पनि हुन्छ। पांच तत्वको मनुष्यको पनि पिता हुन्छ। तीन तत्व वाला देवताहरुको पनि पिता हुन्छ। यस ब्रह्माण्डको पनि पिता छन् परमात्मा शिव। आकाशगंगाको पनि पिता छन्, महाशिव। पिता अर्थात रचयिता। तर यहाँ हामी कुरा गर्दैछौं बेहदको, भनेपछि बेहदको अर्थ बुझ्नु पर्यो। बेहदको अर्थ हो जसको कुनै अन्त छैन। जसको हामी कल्पना गर्न पनि सक्दैनौं। हाम्रो सोच भन्दा पनि पर त्यसलाई बेहद भन्दछौं। बेहदको पिता बेहदको विश्वको रचयिता हुन्। पक्कै पनि त्यस अनन्ता अनन्त तारापुञ्जहरुको मालिक पनि उनै बेहदको पिता हुन्। बेहदको पिता नै बेहदको आदि, मध्य अनि अन्तको ज्ञान दिन सक्छन्।

गीतामा पनि भनिएको छ " म जो हुँ, जस्तो हुँ मलाई जान्न कोहि सक्दैनन " यस्तो किन भनियो? हामी उनलाई कुन प्रकारले जान्न सक्छौं? बेहदको पितालाई हामी ज्ञान द्वारा नै चिन्न सक्दछौं। अब प्रश्न उठ्छ कस्तो ज्ञान द्वारा?

यो पूरै बेहदको विश्वको रहश्य यानी संसारको नाटक किन बन्यो? कसरी बन्यो? कसले बनायो? कसरी चल्छ? कसले चलाउँछ? कहिले सम्म चल्छ? यी सबै प्रश्न हरुको हल जसले दिन सक्छन उही नै बेहदको पिता हुन सक्छन्। मनुष्य को लागि यस बेहदको विश्वलाई जान्नु असम्भव प्रतित हुन्छ। उसको रचयितालाई कसले जान्न सक्छ? त्यसैले परमात्माले भन्नु भएको छ कि " जब म आउँछु तब आफ्नो परिचय स्वयम् दिन्छु बाँकी कोहि पनि मलाई जान्न सक्दैनन्। "

# बेहदको योग कोसँग? 

शिवयोग त हामी सबैले सुनेकै छौं। पहिला शिवयोग बुझौ। शिव अनि योग दुबैलाई अलग अलग गरेर बुझौं। शिव हाम्रो यस ब्रह्माण्डको रचयिता हुन्। शिवको तीन रुप छन् निराकारी, आकारी अनि साकारी। निराकार परमात्मा शिव परमधाममा निवास गर्छन। आकारी शिव शिवपुरीमा निवास गर्छन्, अनि साकारी शिव यानी शंकर कैलाशमा बस्छन्। योग अर्थात कनेक्सन अथवा भनौं जोडिनु वा याद गर्नु। आत्मा जसलाई याद गर्छन , आत्मा उसैसंग जोडिएको हुन्छ। अनि यसैलाई योग भनिन्छ। शिवलाई याद गर्दा गर्दा आत्मा शिवसंग जोडिएको हुन्छ अनि यसैलाई शिवयोग भनिन्छ। शिवलाई दुई किसिमले याद गर्न सकिन्छ। एक निराकारी शिवलाई याद गर्न सकिन्छ अर्को साकारी शिव वा शंकरलाई पनि याद गर्न सकिन्छ। ज्योतिर्लिङ्गको पनि याद गर्छन्, जो निराकारी शिवको प्रतिक हुन्। आत्मा जब निराकार परमात्मालाई याद गर्छन तब उसमा शक्ति संचालन हुन्छ। बिस्तारै बिस्तारै तपस्या , ध्यान गर्दै जाँदा निराकार परमात्माको धाम यानी परमधाम पुग्न सफल हुन्छन्। यस्तै आकारी शिवको ध्यान वा याद गर्दा गर्दा आकारी दुनियाँ अर्थात शिवपुरीमा जान सक्छन्। जसको याद गरिन्छ, उसैसंग योग हुन्छ अनि शक्ति संचालन पनि त्यसै अनुरुप हुन्छ। शिव योग भन्दा पनि माथि महाशिवयोग छ। महाशिव, महाब्रह्माण्ड यानी आकाशगंगा यानी galaxy का रचयिता हुन्। महाशिवको संकल्पद्वारा शक्तिको खरबौं टुक्रा भयो अनि खरबौं शिवको रचना भयो। हामी यस अर्थमा भन्न सक्छौं की महाशिव, शिव भन्दा खरबौं गुणा शक्तिशाली छन्। आत्मा महाब्रह्माण्डको ज्ञान लिएर महाशिवसंगको योगद्वारा उनीबाट शक्ति लिएर महाशिवको परमधाम यानी महापरमधाममा जान सक्छन्। यसैलाई महाशिवयोग भन्दछौं। यस्तै गरि, परम महाशिव जो परम महाब्रह्माण्डको रचयिता हुन् उनीसंगको योगद्वारा शक्ति प्राप्त गरेर परम- महापरमधाममा जान सकिन्छ।

अब, बेहदको योग के हो, त्यसको कुरा गरौँ। जसको याद गर्छौँ उनीसंग जोडिन्छौं अनि उनैको शक्ति हामीलाई आउँछ। तर प्रश्न उठ्न सक्छ कोसंग जोडिने? यदि आत्मालाई बेहदको शक्ति चाहिन्छ भने उसलाई बेहदको विश्वको रचयितासंग जोडिनु पर्छ जो उच्चको पनि उच्च आधिकारिक परम शक्ति प्रदाता हुन् , जो बेहदको कलाको परमधाममा रहन्छन्। जो अनन्तानन्त मल्टिभर्सका पनि रचयिता हुन्। उनको याद गर्नु , उनीसंग जोडिनु नै बेहदको योग हो। बेहदको पितासँग जोडिनको निम्ति आत्मालाई सबैभन्दा पहिला आत्मास्वरूपमा स्थित हुनुपर्दछ तत् पश्चात आत्माले सजिलै शक्ति लिन सक्नेछ।
त्यसैले आत्माले देह अनि देहको सर्वसम्बन्ध भुलेर आफ्नो शरीरको पनि स्मृति नहोस यस्तो स्थितिमा स्वयंलाई स्थित गरेर सर्वशक्तिमान अधिकारिको ध्यान गरेमा उनको शक्ति आत्मामा आउनेछ। बेहदको पितासँग बेहदको कलाको परमप्रकाश छ। जस्तो एउटा सूर्यको प्रकाश हुन्छ, त्यस्तै अनन्तकोटी सूर्यको रोशनी परमप्रकाशमा स्थित छ। जब आत्माले यस्तो अनुभूती गर्दछ अनि बेहदको पिताको ध्यान अथवा याद गर्दछ तब आत्मामा बेहदको परमप्रकाशको शक्ति आउँछ। यसरी शक्ति प्राप्त हुँदा हुँदा आत्मा शान्त स्वरूप हुनेछ र अन्तमा आत्मा अवश्यै परम गतिलाई प्राप्त गर्नेछ।

# बेहदको विश्वको महापरिवर्तन को महामंत्र

परमशान्ति तर कसको परमशान्ति? कसको खोज हो परम शान्ति? पाँच तत्व को पुतला यानी मनुष्य त मायावी दुनियाँमा फसेको छ। सबै थोक प्राप्त गरेर पनि किन ऊ तृप्त हुँदैन? आखिर उसको खोज के हो? आत्मा किन शान्ति खोज्छ? आत्मा सुख अवश्य चाहन्छ तर एकदिन यस्तो पनि आउनेछ, जुन दिन आत्मा परम सुखबाट पनि थाक्नेछ अनि आत्मा परमशान्तिको खोजमा निस्कनेछ। किनकि आत्माको मूल स्वरूप नै परमशान्ति हो।

आत्माको जब सृजना भयो तब उसको वास्तविक स्वभाव नै परमशान्तिको थियो। तर आज आत्मा यति तमोप्रधान भैसकेको छ, आत्माले आफ्नो मूल स्वरूप भुलिसकेको अवस्था छ। जन्मौ जन्म देखि भोगेको दुःखको कारणले आत्मा नकारात्मक सोचाइको भएको छ। त्यसैले आज आत्मालाई उसको मूल स्वरूप याद दिलाउनु अति आवश्यक रहेको छ।

कति मानिसहरु ॐ शान्ति भन्छन्। ॐ शान्ति शाब्दिक अर्थः आ -ऊ-म अर्थात ब्रह्मा, विष्णु, शंकर, मतलब तपाईं उनीहरुबाट शक्ति लिईरहनु भएको छ।

हर ब्रह्माण्डको मालिक शिव हुन। उनै ब्रह्मा, विष्णु र शंकरद्वारा कार्य गराउंछन्। तर उनमा अहिले त्यति शक्ति छैन। हामीले परम शान्ति भन्नु पर्दछ किनभने आत्मा को असली धर्म संस्कार परमशान्तिको हो।

यदि तपाईं बारम्बार परमशान्ति भन्नु हुन्छ भने तपाईंको आत्मामा परमशान्तिको तरंगले स्पर्श गर्नेछ अनि तपाईंको आत्माले परमशान्तिको अनुभव गर्नेछ।

परमशान्ति शब्द उच्चारणले मात्र पनि मनमा परमशान्तिको भावना आउँछ। जब हामी परमशान्तिको उच्चारण गर्दछौं, तब हामी बेहदको अविनाशी ब्रह्माण्डबाट परमशक्ति अर्थात् परमप्रकाश अनि परमतत्वको शक्ति आफू भित्र उतार्दछौँ। आत्मालाई परम शान्ति स्वरूप बन्नुछ भन्ने स्मृति आउनेछ। बारम्बार परमशान्ति उच्चारणले मनमा जुन भाव आउँछ त्यसले सकारत्मक तरंग बन्दछ। जसले गर्दा हाम्रो कारण शरीरमा पहिला देखि टिपोट (रेकोर्ड) भएर बसेको भाव परिवर्तन हुन थाल्दछ। अनि त्यसले गर्दा हाम्रो आभा (औरा) पनि सकारात्मक हुन थाल्छ। सकारात्मक आभामण्डलको कारणले हाम्रो कारण शरीरले वायुमण्डलबाट सकारात्मक उर्जा ग्रहण गर्छ। परमशान्तिको तरंग ग्रहण गर्छ। यो जुन तरंग अथवा भाइब्रेसन छ, त्यसको प्रभाव हाम्रो कारण शरीरमा पर्छ। कारण शरीरबाट सुक्ष्म शरीरमा प्रभाव पर्दछ। सुक्ष्म शरीरबाट नै हाम्रो आभामण्डल बन्दछ। जब आत्मा

परमशान्तिको संकल्प गर्छ तब उसको आभामण्डल परमशान्तिको तरंगले भरिन्छ। त्यस पश्चात आत्मा आफ्नो वरिपरीको वायुमण्डललाई पनि प्रभावित गर्छ। अर्थात् परमशान्तिको संकल्पद्वारा जुन तरंग बनेको छ त्यो वायुमण्डलमा पनि जान्छ, र यसरी वायुमण्डल पनि परिवर्तन हुन्छ।

सोच्नु पनि एक कर्म नै हो, जब आत्मा परमशान्ति सोच्दछ तब आत्माको कर्म पनि परमशान्तिकै बन्दछ अनि परमशान्ति कै अनुभव गर्दछ। आत्मा स्वरूपमा स्थित भएर परमशान्तिको संकल्प गर्नाले आत्माको कारण शरीरमा दबिएको परमशान्तिको संस्कार खुल्न थाल्छ। अनि यसरी आत्मा एकदिन परमशान्ति अवश्यै प्राप्त गर्ने छ। अन्तमा परमशान्ति अनुभव गर्दा गर्दा सत्- चित् - आनन्द स्वरूपको स्थिति अनुभव गर्नेछ। आत्मा नै परम सत्य हो। चित्त यानि मनले , आत्मा परमान्द स्वरूप तब महशुस गर्छ जब ऊ परमसत्य यानी आत्माको सत्यको अवस्थामा पुग्छ, जुन परमशान्तिको स्वरूप हो। अर्थात आत्मा परमशान्ति याद गर्दा गर्दा परमानन्द प्राप्त गर्दछ। फलस्वरूप एकदिन आत्मा परमशान्तिलाई नै प्राप्त गर्दछ।

<u>बेहदको विश्व परिवर्तनको लागि महामन्त्र :</u>

" **बेहदको पनि बेहदको परम परम परम महाशान्ति छ महाशान्ति छ महाशान्ति छ।** "

यो मन्त्र बारम्बार उच्चारण गर्नाले आत्मा परमशान्तिको अनुभव गर्छ। अनि उसको वरिपरिको वायुमण्डल पनि परमशान्तिको तरंगले भरिन्छ। आत्मा स्वयम् पनि परमशान्तिको अनुभव गर्न सक्छ साथै अरुलाई पनि अनुभव गराउन सक्दछ।

# विनाश होइन अब हुनेछ बेहदको महापरिवर्तन

के यस संसारको हालत देखेर मनमा दुःख हुदैन? दुनियाँ घोर अन्धकारतिर धकेलिइरहेको छ।
" हेर तिम्रो संसारको के हाल भएको छ भगवान, कति बदलिसक्यो मानिस।"
अब दुनियाँ को हालत किन यस्तो भयो यसको जिम्मेवार को हो? स्थूल जगत जो यी आँखाले देखिन्छन् अनि सुक्ष्म जगत जो यी आँखाले देखिदैनन् , जहाँ अनगिन्ति आत्मा रहन्छन्, उनीहरु सबै दुखि भएर कराइरहेका छन्। सबै आत्मा परमात्मासंग मुक्तिको प्रार्थना गरिरहेका छन्। व्यक्त अनि अव्यक्त दुनियाँ सबै अशान्त छन्। उसो भए के साँच्चै नै विनाशको समय आइसक्यो त ? आज संसार गिर्दै गैरहेको छ भने चारैतिर दु ः ख, पिडा, हिँसा, मतभेद, इर्ष्या पाप, अत्याचार जस्ता कुकर्म बढ्दै गएको छ। खाने अन्न , पिउने पानी, श्वास लिने हावा शुद्ध छैन। आजको वायुमण्डल धेरै नै दुषित भैसकेको छ। कतै संसार विनाशको किनारमा उभिएको त छैन भन्ने लाग्दै छ।
प्रश्न उठेको छ ः के विनाश मात्रै यो समस्या को हल हो? के संसारको विनाश आवश्यक छ ? के परम पिता विनाश चाहन्छन ? के ऊनी यो संसार परिवर्तन गर्न सक्षम छैनन्? आज कति संस्थाहरु भन्छन स्वर्ण युग आउनेछ तर कसैलाई परिवर्तनको विधि थाहा छैन। जब परिवर्तन हुनेछ तब स्थूल जगत मात्र होइन सुक्ष्म जगत, कारण जगत सबैतिर परिवर्तन हुनेछ। ब्रह्माण्ड, आकाश गंगा, युनिवर्स, मल्टीभर्स सबै परिवर्तन हुनेछन्। यदि हामी परिवर्तन चाहन्छौं भने बेहदका पितासँग योग लगाउनु पर्नेछ । मन्त्रजप द्वारा परिवर्तन हुँदैन। यदि हामीलाई वायुमण्डल अथवा घरको परिवर्तन चाहिन्छ भने हामीले परमतत्व अथवा परमप्रकाश लेराउनु पर्नेछ। योग शक्तिद्वारा बेहदको परम परम परम पिता परमात्माबाट परम प्रकाश लेराउनु पर्नेछ। जब यो ब्रह्माण्ड बन्यो , देवता बने अनि वर्षाको लागि इन्द्रदेव को पूजा गर्थे। आज पनि धर्मस्थानहरुमा जप तप भैरहेको छ। अहिले कति धेरै धर्मस्थान अनि मन्दिरहरु बनेका छन्। यदि मन्त्रको जप द्वारा मात्र परिवर्तन हुने भए अहिले सम्म भैसक्थ्यो। पहिला पहिला हुन्थ्यो, किनभने त्यतिबेला देवीदेवतामा शक्ति थियो तर आज उनै देवीदेवता मनुष्य बनेका छन्।

गीतामा भनिएको छ ः " जसलाई याद गर्छौ उसैलाई प्राप्त गर्नेछौ ।"

यदि मनुष्यलाई सुख शान्ति , परमप्रकाश, परमतत्व चाहिन्छ भने सिधै उनै उच्चको पनि उच्च परमधाम निवासी सर्वशक्तिमान भगवान यानि अलमाइटि अथोरिटीको ध्यान गरुन्। आफ्नो विकर्म विनाश गरुन्। आफ्नो आत्मामा शक्ति भरुन्। जुन देवीदेवताको मन्त्र बनेको थियो उनीहरु सबै मनुष्य बनेका छन् , शक्ति क्षीण भएको छ। अब हाम्रो शरीरमा परम तत्वको शक्ति आयो भने हाम्रो औरा वा आभामण्डलद्वारा घरको वायुमण्डल परिवर्तन हुन्छ।

यदि हामीलाई दुनियाँ बदल्नु छ भने नयाँ दुनियाँ बनाउनु छ भने नयाँ दुनियाँको ज्ञान चाहिन्छ। बेहदको नयाँ शक्तिको ज्ञान चाहिन्छ। हामीले परम ज्ञान सुन्नुपर्छ। अनि यदि शक्तिहिनहरुलाई याद गर्यौं भने उनीहरुमा भएको दुर्गन्ध नकारात्मकता नै हामीले पाउनेछौं। त्यसैले हामीले योग द्वारा परमशक्ति माने परमप्रकाश, परमवायु, परमअग्नि उतार्नुपर्छ, तब बल्ल परिवर्तन सम्भव छ।

बापुजीको भविष्यवाणी छ : अब विनाश होइन परिवर्तन हुनेछ। अब बेहदको महापरिवर्तन हुनेछ। बापुजीले यो पनि भन्नु भएको छ : बेहदको पिता हाम्रो ब्रह्माण्डमा गुप्त भेषमा परिवर्तनको कार्य गरिरहेका छन् । अनि उनी चाहन्छन् विनाश नहोस केवल परिवर्तन होस्। कुनै पनि पिता आफ्नो रचनाको विनाश गर्न चाहदैनन्। उनी त झन् बेहदका पिता हुन्, दयाका सागर हुन् , उनी किन विनाश चाहन्छन् र ?

आज पूरै दुनियाँमा विनाशको कम्पन फैलिरहेको छ। अनि यहि विनाशको तरंगको फलस्वरूप दोस्रो विश्वयुद्ध भयो। अब तेस्रो विश्वयुद्धको लागि संकल्प बढ्दै गैरहेको अवस्था छ। विनाशको संकल्पले गर्दा पूरै विश्वको वायुमण्डल नकारात्मक भैरहेको छ। यति नकारात्मक छ कि परिवर्तनको संकल्प गर्न पनि असम्भव प्रतित हुन्छ। के साँच्चै नै यस पतित दुनियाँ को परिवर्तन सम्भव छ? बापूजीले हामीलाई आफ्नो त्याग तपस्याद्वारा बेहदको विश्व परिवर्तनको अनमोल ज्ञान दिनुभएको छ जुन आजसम्म कसैले दिएका छैनन्। आखिर यो दुनियाँ कसरी परिवर्तन हुन्छ? निवारण जान्नको लागि कारण जान्न जरुरी छ। अर्थात् दुनियाँ कसरी बदलिन्छ यो बुझ्न को लागि हामीले यो बुझ्न जरुरी हुन्छ , दुनियाँ पतित हुनुको कारण के हो ?

बापूजीले हामीलाई बताउनु भयो कि यो दुनियाँ खस्किनु को कारण आत्माको शक्ति नै खस्किनु हो। आत्माको नकारात्मक सोचाईले वायुमण्डल पनि नकारात्मक भएको छ। यदि हामीलाई दुनियाँ परिवर्तन गर्नु छ भने पहिलो काम त वायुमण्डल परिवर्तन गर्नु पर्यो। जब वायुमण्डल परिवर्तन हुनेछ तब आत्माको सोच परिवर्तन हुनेछ। यसैले त भनिएको छ
स्व : परिवर्तनद्वारा नै विश्व परिवर्तन हुन्छ।

अब महापरिवर्तन को समय छ युग परिवर्तन हुने होइन , परम तत्व तथा परम प्रकाशको दुनियाँ बन्ने छ बेहदको अमरलोकको स्थापना बापूजी गर्दै हुनुहुन्छ। बेहदको पनि बेहदको समय बेहदको बच्चाहरुको निम्ति शुरु भएको छ। यसकारणले बेहदको परिवर्तन उनै आत्माहरुको लागि हुनेछ जो बेहदको बच्चाहरु हुन् अनि जो बेहदको पितालाई जान्दछन। ती आत्माहरुलाई बेहदको खुशी मिल्नेछ। परमानन्दको सुखको अनुभूति हुनेछ। परिवर्तनको समय बेहदको आत्मामा शक्ति संचालन हुनेछ। जति जति ९ लाख आत्मा निः संकल्प हुन्छन्, बेहदको परिवर्तन सुरु हुनेछ। अनि बिस्तारै बिस्तारै परिवर्तनको प्रक्रिया अगाडी बढ्नेछ यस्तै गरि ३३ कोटी देवी देवता पनि व्यक्तबाट अव्यक्त स्थितिको अनुभव गर्नेछन। यस भूमिमा परम प्रकाश छरिदैं जानेछ, तत्व परिवर्तन हुनेछ। जति जति परम प्रकाश धर्तिमा फिजिंदै जानेछ वायु परमवायुमा परिवर्तित हुनेछ। सबै तत्व परमतत्वमा परिवर्तित हुनेछन्। बिस्तारै बिस्तारै सौर्यमण्डल, आकाशगंगा, युनिवर्स तथा मल्टिभर्स पूरै परम प्रकाशले भरिनेछ अनि सबै परमप्रकाशमा परिवर्तित हुनेछन्।

# स्व: परिवर्तनबाट विश्व परिवर्तन

यत्रो ठूलो दुनियाँको परिवर्तन कसले गर्न सक्छ? जसको रचना हो उनै आफ्नो रचनालाई परिवर्तन गर्न सक्छन्। शिव नै आफ्नो ब्रह्माण्डलाई परिवर्तन गर्न सक्छन्। महाशिव महाब्रह्माण्डलाई परिवर्तन गर्न सक्छन्। परम महाशिव परम महाब्रह्माण्डलाई परिवर्तन गर्न सक्छन्।

यदि हामी हाम्रो यस मल्टिभर्सको परिवर्तनको कुरा गर्छौं भने यो कार्य केवल सर्वशक्तिमान अधिकारी अथवा बेहदको पिताले नै गर्न सक्छन्। किनकि बेहदको पिता बेहदको विश्वको मालिक हुन्।

बेहदको पिताले कृष्ण अवतारमा बेहदको आत्माको सर्जन गरे। अनि उनीहरुलाई यस धर्तीमा परिवर्तनको लागि गुप्त रुपमा मनुष्य अवतारमा पठाए। आज ती सबै आत्माहरु धर्तीमा मनुष्य अवतारमा छन् ती आत्माहरुले परिवर्तन गर्न सकेनन्। अब ती बेहदको आत्माहरु ज्ञान सम्झिनेछन्, र बेहदको विश्व परिवर्तनमा सहयोग पनि गर्नेछन् ।

यहां १०८, १००८, १६०००, ९ लाख बेहदका आत्माहरु छन्। ती आत्माहरु कृष्ण अवतार देखि धर्तीमा छन्।

बेहदको आत्माहरु परमप्रकाश अनि परम तत्वले बनेको छ। अनि हदको आत्माहरु आकाश, वायु, अनि अग्नि तत्वले बनेको छ। तर त्यसमा पनि उनीहरुको आफ्नो आफ्नो अलग अलग शक्ति छ। हद अनि बेहदको आत्माले मुक्ति अनि जीवन मुक्ति प्राप्त गर्नेछन् । जब बेहदको पिताले यस मल्टिभर्समा गडबड देखे तब उनी स्वयम् गुप्त रूपमा यस सौर्यमण्डलमा यानि ब्रह्मण्डमा आए।

पहिला पहिला यस ब्रह्माण्डमा जुन रचना भए ती सब परम तत्व का थिए। फेरी बिस्तारै बिस्तारै तीन तत्व को रचना भयो र फेरी पाँच तत्वको रचना भयो।

स्थूल जगतको कारण के हो ? यो बुझ्न को निम्ति बेहदको पिता यस धर्तीमा आए। परिवर्तनको प्रक्रिया एउटा मौन प्रक्रिया हो। तत्वहरुको दुनियाँलाई परमतत्वमा परिवर्तन गर्ने प्रक्रिया हो। परिवर्तन एक परमशान्तिको प्रक्रिया हो। १०८, १००८, १६००० आत्माहरु जब निः संकल्प अवस्था धारण गर्नेछन् तब बेहदका पिता ९ लाख आत्माहरुको सामुन्ने प्रत्यक्ष

हुनेछन् । अन्तमा बेहदको आत्माहरुलाई बेहदको पिताले दर्शन दिएर उनीहरुलाई तृप्त गर्नुहुनेछ।

अहिले सबै बेहदको आत्मामा यो पाँच तत्वको शरीरको आवरण परेको छ। बेहदको पिताले जब परमप्रकाश दिनेछन् तब बेहदको आत्मालाई आफ्नो शक्तिको बारेमा थाहा हुनेछ। एक एक बेहदको आत्मामा खरबौं सूर्यको रोशनी छ। तर मनुष्य अवतारमा आफ्नो असली शक्ति भुलेका छन्।

परमप्रकाशको प्लेन हुनेछ , अनि उनीहरुको साकारी रुपबाट आकारी, त्यसबाट निराकारी स्वरूप मा परिवर्तन हुनेछ। साकारी माने पाँच तत्वको रुप , आकारी परमतत्वको रुप अनि निराकारी अर्थात परमप्रकाश अनि आत्मास्वरूप (soul conscious ) को स्थिति। परिवर्तनको समय हद अनि बेहदको समय अलग अलग हुनेछ।

बेहदको आत्मा उच्चको पनि उच्चको परमधाममा जानेछन् । धर्तीमा पनि परमतत्व उतारिनेछ। जब मनुष्य श्वास लिनेछन् तब परमतत्वको वायु श्वास भित्र जानेछ। जब वायु शुद्ध हुनेछ तब मनुष्यको सोच परिवर्तन हुनेछ। शरीरको वायु तत्व परिवर्तन हुनेछ। वायुले विचार पनि परिवर्तन हुनेछ। स्वर्ण युगमा आत्माहरुको सत्व प्रधान अवस्था हुन्छ।

यो बेहदको आत्माहरुको लागि हिरा को युग हो। यो मृत्युलोक अमरलोक बन्नेछ। कहिले पनि जन्म मरण हुने छैन। पुरै दुनियाँ परमप्रकाश अनि परम तत्वको हुनेछ। अविनाशी अमरलोक बन्नेछ। सत्य, त्रेता, द्वापर अनि कलियुग सबै अन्त हुनेछ किनकि यी सबै यसै धर्तीमा हुन्छन् । स्थूल तत्व रहने छैन। विनाश हुने छैन।

बेहदको पिता यस मल्टिभर्स अनि धर्ती परिवर्तन गर्न आएका छन् । मुक्ति अनि जिवन मुक्तिको कार्य शुरु हुनेछ। अहिलेको समय बेहदको पितालाई याद गर्ने समय हो। बेहदको पितालाई याद गरेपछि आत्मामा शक्ति आउँछ अनि बिकर्म विनाश हुन्छ । जब परिवर्तनको समय शुरु हुनेछ तब ३३ कोटी देवीदेवता आफ्नो आफ्नो मूलस्थान (ब्रह्माण्ड) मा जानेछन् । बेहदको आत्माहरु बेहदको परमधाममा जानेछन् । यस मल्टिभर्स सधैँको लागि अमरलोक बन्नेछ।

# कसरी बन्ने सहयोगी ?

हामी बेहदको परम परम परम शक्ति हौँ। यदि यो मन्त्र याद राख्यौं भने हामी अजेय (unstoppable ) हुनेछौं। अर्थात हामीलाई कसैले पनि रोक्न सक्नेछैन। हामीले हाम्रो दिनको ६०,००० सेकेण्ड यहि संकल्प अनि सोचमा लगाउनु छ कि हामी सबै आत्मा परम तत्व , परम ज्योति , सूर्यको भाँती प्रकाशित भएका छौं।

जब १०८, १००८, १६००० तथा ९ लाख आत्माहरु सूर्यको भाँती प्रकाश समान बन्नेछन् तब वायुमण्डलमा यस्तो परिवर्तन आउनेछ कि आम मनुष्य कुनै पनि प्रकारको विकारको चिन्तन गर्न पाउने छैनन् , किनकि वायुमण्डल उसको भित्र कुनै पनि प्रकारको नकारात्मक तरंगहरु आउँ दिने छैन।

गीतामा भगवान श्री कृष्णले भन्नु भएको छ :" ज्ञान जस्तो पवित्र बनाउने न कुनै चिज छ न कुनै तत्व।" ज्ञानमा नै आनन्द छ। ज्ञानद्वारा नै सुख प्राप्त हुन्छ। हाम्रो चेतनाको स्तर बढ्छ। अनि हाम्रो आत्मामा शक्ति आउँछ। हामीले हाम्रो बुद्धि बेहदमा लानु छ। तपाईंलाई परम सुखको अनुभव कहिले हुनेछ? जब तपाईंमा परम तेज परमप्रकाश आउनेछ, जब तपाईं परमप्रकाशले भरिनु हुन्छ तब तपाईंको जुन रचना हुन् ती तपाईंका खरबौं कोशिकाबाट निस्केका हुन्, उनीहरु चाहे साकार रूपमा हुन्, सुक्ष्म जगतमा हुन् अथवा पारलौकिक जगतमा हुन् उनीहरुलाई सुख अनि शान्तिको अनुभव गराउनुहुनेछ। तपाईंको रचनालाई जे चाहिन्छ त्यति प्राप्ति हुनेछ। यदि मुक्ति चाहिन्छ भने मुक्ति मिल्नेछ, ज्ञान चाहिन्छ भने ज्ञान मिल्नेछ। अनि यदि तपाईं बेहदमा हुनुहुन्छ भने तपाईंको रचनाले बेहदको खुशी पाउने छ। तपाईं आफ्नो रचनालाई जीवन मुक्ति दिनलाई निमित्त बन्नुहुनेछ। अनि जीवन मुक्ति दाता बन्नु हुनेछ। हामीलाई मात्र त्यस बेहदको पिता माथि भरोसा गर्नु छ अनि हामीलाई मात्र कर्म गर्नु छ। बाँकी सबै बेहदको पिताले गराउने छन्।

वायुमण्डललाई परिवर्तन गर्नु छ। यसको लागि बापुजीको ज्ञान सुन्नु पर्छ। त्यसले गर्दा आफ्नो अवस्था सुध्रिंदै जाने छ। ज्ञान बढ्नेछ। हाम्रो सोचाई हदबाट बेहदमा जानेछ र पवित्र बन्नेछ। हाम्रो आभामण्डल, श्वेत प्रकाश अर्थात परमप्रकाशले भरिनेछ। सधैं यहि संकल्प गर्नु छ कि " हाम्रो हर श्वास द्वारा परम तत्व हामी भित्र आइरहेको छ। अनि साथै बाहिर वायुमण्डलमा पनि फैलिरहेको छ। हाम्रो चारै तिर पवित्र श्वेत प्रकाशको कवच बनेको छ।"

हाम्रो हृदयमा हाम्रो दिमागमा भन्दा ५००० गुणा धेरै शक्ति हुन्छ। विज्ञानले यसलाई प्रमाणित गरेको छ। यदि हामी बेहदको पितालाई हृदयदेखि नै याद गर्छौं र उनैमा तल्लिन अवस्था बनाउँछौं भने तब मात्र हामी भित्र अनन्तानन्त ब्रह्माण्डहरुको शक्ति आउँछ। ज्ञान

देखि बाहेक अरु केहि सोच्नु छैन। जति जति तपाईंको आत्माको शक्ति बढ्नेछ त्यति त्यति बेहदको ज्ञान बुझिनेछ।
बेहदको बच्चाहरुले यो संकल्प गर्नु छ कि " म बेहदको पनि बेहदको परम परम परम महान आत्मा हुँ"। यसले हामीमा तरंग पैदा हुनेछ। निरन्तर यहि सोच्नु छ कि " म बेहदको पनि बेहदको परम परम परम महान आत्मा हुँ । म भृकुटीको बिचमा रहन्छु। मेरो रचयिता बेहदको हजुरबुवा हुन् "। बेहदको हजुरबुवाबाट शक्ति लिनु छ। आकारी स्वरूपमा पनि निराकारीरुप सर्वशक्तिमान अधिकारिबाट शक्ति लिएर हामीले संकल्प गर्नु छ। बेहदको पनि बेहदको परम परम परम महाशान्ति छ। "
यसले तपाईंको आभामण्डल पनि राम्रो हुनेछ। जब आत्मा आत्मास्वरूपको अनुभूति गर्छ तब उसको बुद्धिमा वैराग्य आउँछ।
हदको चिजहरुबाट वैराग्य आउँछ। आत्मामा शक्ति आउँछ। आत्माले प्रकाश स्वरूप अनुभव गर्नेछ। जब आत्माले आत्मा स्वरूप को अनुभव गर्नेछ तब उसको कारण शरीरमा परम तत्व आउँछ। अनि ऊ परम सुखको अनुभव गर्नेछ। आभामण्डल पनि परम तत्वको हुनेछ। अनि स्व : परिवर्तनद्वारा विश्व परिवर्तन हुनेछ।

ज्ञान सार : ८ **घण्टा बेहदको ज्ञानमा लगाउनुहोस , आत्मा स्वरूपको अनुभव गर्नुहोस, आभामण्डल शुद्द गर्नुहोस , परम प्रकाशले भरिपूर्ण रहनुहोस। त्यसको लागि योग गर्नुहोस, वायुमण्डल परिवर्तन गर्नुहोस। आफूभित्र परमतत्व , परमप्रकाश उतार्नुहोस। यहि पुरुषार्थ गर्नुहोस कि बेहदको परम परम परम राम्रो भैरहेको छ। म बेहदको परम परम परम ठीक छु। जहिले पनि बुद्धिलाई बेहदको कला भन्दा पनि माथि लानु छ अनि बेहदको शक्तिको याद** र **ध्यान गर्नु छ साथै बेहदको परमपितासंग शक्ति लिनु छ।**

# आत्मा स्वरूपमा परम प्रकाशको अनुभूति

आज सबैलाई थाहा छ, यो शरीरलाई चलाउने आत्मा हो। आत्माको अस्तित्वलाई सबै धर्म मान्दछन्। कोहि आत्मा भन्दछन् , कोहि रूह भन्दछन्, कोहि सोल (soul ) भन्दछन्। आत्मा हाम्रो मस्तिष्क (mind ) भित्र रहन्छ। अहिले विज्ञानले आत्माको अस्तित्व नमाने तापनि उनीहरुको मान्यतामा यो एक सचेत उर्जा हो जुन जागृत छ। आत्मा भृकुटीको बीचमा रहन्छ। हाम्रो शास्त्रमा आत्मालाई ब्रह्म स्वरूप पनि भनिएको छ। ब्रह्म माने प्रकाश। शिवको निराकारी स्वरूपलाई ब्रह्म भनिन्छ। आत्मा स्वरूपको अनुभूति गर्नको लागि शुरुमा यो संकल्प बारम्बार दोहोर्याउनु पर्छ कि " म आत्मा हुँ "। हिं ड्दा, डुल्दा, काम गर्दा यही पुरुषार्थ गर्नु छ " कि म आत्मा हुँ "। यसले मनुष्यलाई अशारीरिकपन को अनुभव पनि गराउँदछ।

आत्मा एक ज्योतिस्वरूप हो। आजको यो तमो प्रधान वायुमण्डलमा आत्मालाई आत्मास्वरूपमा स्थित हुन अनुभव गर्न धेरै कठिन छ। आत्मास्वरूप अनुभव गर्नको लागि आत्मालाई परमात्मासंग जोडिनु पर्दछ। गीतामा लेखिएको छ " तिमी देह अनि देहको सर्व सम्बन्ध भुलेर , आत्मा स्वरूप बन र म परमात्मालाई याद गर, अनि म तिम्रो सारा पाप विनाश गरिदिनेछु। "

आत्मा जब निराकारी शिवसंग जोडिन्छ तब उसमा शक्ति आउँछ। कारण शरीरमा पनि शक्ति आउँछ। अनि थोरै विकर्म पनि नाश हुन्छ तर त्यो उर्जा नकारात्मक विचार अनि संकल्पमा व्यर्थ जान्छ। आत्मा स्वरूप बनेर आत्मा जब परमात्मालाई याद गर्छन् तब परमात्माको शक्ति आउँछ। साधु-सन्तलाई याद गर्यो भने उनीहरूमा जे छ त्यहि आउँछ, उनीहरूमा नकराक्मकता छ भने त्यहि नै आउँछ, कुनै शक्ति आउँदैन। गीतामा भनिएको छ " तिमी जसलाई याद गर्छौ उसैलाई प्राप्त गर्छौ "। यसैले हरदम परमात्मासंग योग लगाउनु पर्दछ। सिधै शक्तिको भण्डारसंग योग लगाउनु पर्दछ। नत्र आत्मास्वरूपको अनुभूति कसरी हुन्छ ? आत्मा स्वरूपको अनुभूति गर्नको निम्ति आत्मामा शक्ति चाहिन्छ। केवल बोलेर " म आत्मा हुँ " भनेर आत्मास्वरूपको अनुभूति हुँदैन यो एउटा लामो पुरुषार्थ अनि अभ्यास हो।

अन्तिम पुरुषार्थ हो मनको मौन। अन्तरमुखी सदा सुखी। दिव्य स्वरूप धारण गर्नु छ। बेहदको पिताको रुप धारण गर्नाले विकर्म विनाश हुन्छ। आत्मा हल्का हुन्छ। अति इन्द्रियको सुखको अनुभव हुनेछ अर्थात् इन्द्रिय भन्दा पनि परको सुखको अनुभव हुनेछ।

धर्तीमा बसेरै पनि पाँच तत्वमा परम तत्वको अनुभव हुनेछ। आत्मा व्यक्तबाट अव्यक्त स्वरूप धारण गर्नेछ अनि अनुभव गर्नेछ। **बेहदको विश्व परिवर्तन हुनु नै छ ।**

## Youtube channel को महत्वपूर्णजानकारी

बापूजीको बेहदको ज्ञान सागरमा सबै बेहदको आत्मालाई स्वागत छ। बापूजीको youtube channel मा ५०० भन्दा पनि बढी भिडियोहरु छन्। त्यसमा भएको केही नेपाली भिडियोहरू तल दिइएको छ। हेर्न सक्नुहुनेछ।

| | |
|---|---|
| मृत्यु पश्चातको जीवन भाग १ र भाग २ | भविष्यको नयाँ संसार ? |
| बेहदको बीज आत्माहरु | संकल्पको शक्ति |
| बेहदको परम परम परम महाविश्व परिवर्तन भाग १ र २ | आध्यात्मिक उपचारको रहस्य |
| आकाश तत्व के हो ? | भगवान शिवको रहस्यहरू भाग १ र भाग २ |
| कैलाशको ज्ञान गंजको रहस्य | परग्रही एलिएन यूएफओको बारेमा |
| Are we living in blackhole - नेपाली | मंगल ग्रहको जीवन |
| धर्तिलोक को परिवर्तन | आत्मबल कसरी बढाउने |
| Future wisdom (नेपाली ) | मानिसको निर्माण कसरी भयो |
| ध्यान कसको गर्ने ध्यान गर्ने सहि विधि | दैनिक परम महासंकल्प |
| शिवयोग अगाडि के छ ? | मल्टिवर्स भन्दा माथिको जीवन |

अध्यात्मको मार्ग अग्रसर हुँदै उनै परमात्मासंग जोडिनुहोस। थाहा नभएका रहस्यहरु थाहा पाउनको लागि बापूजीको युट्युबको भिडियोहरु अवश्यै हेर्नु होला। तपाईंको जीवन परिवर्तन हुनेछ। आफ्नो साथिभाइहरुसंग पनि भिडियोहरु share गर्न सक्नु हुनेछ। तपाईं को सानो प्रयासले जनमानसमा ज्ञान फैलनेछ जसले विश्व परिवर्तनमा सहयोग हुनेछ। कुनै पनि कर्म खालि जाँदैन हरेक जिवात्माको कल्याण होस् ।

।।। परम शान्ति।।।

## सम्पर्ककसरीगर्ने

Email id: **anant@paramshanti.org**
**ankur@paramshanti.org**

Youtube channel : www.youtube.com/anant98251

Website: www.paramshanti.org

Address: Vishwa Pariwartak ishwariya Vidhyalaya

c/o Radhe community hall near Chenpur Bus stand , Chenpur Village, New Ramp Road, Ahmedabad-382470, Gujaraat



**नेपाली पुस्तकको लागि सम्पर्क**

अर्जुन ज्ञवाली
फोन ४-३७१८५४
काठमाडौं नेपाल।


https://www.youtube.com/playlist?list=PL2alkWGa9R5lWzND4ZXzFRWISUHhBGR7D

यो माथिको नेपाली प्लेलिस्टको लिंक हो।

# माँ को दिव्य सन्देश

सबै भाइ बहिनीहरुमा यो सन्देश दिन चाहन्छुः अन्तिम बेहदको समय शुरु भएको छ। यो अन्तिम पुरुषार्थ हो। अब समय आएको छ, सबैलाई बेहदको परमात्माको परिचय दिइयोस साथै यो सन्देश दिइयोस , बेहदको पिता (अलमाइटि अथोरिटी) धर्तीमा आउनु भएको छ, अनि बेहदको कार्य चलिरहेको छ। उनी अविनाशी दुनियाँ अनि नयाँ दुनियाँको निर्माणको ज्ञान दिइरहेका छन्। साकार रूपमा बेहदको पिता धर्तीमा काम गरिरहेका छन्। उनको धर्तीको कार्य चलिरहेको छ।
अब समय आएको छ, जब सारा विश्वमा बेहदको पिता साक्षात्कार हुनेछन् ।

सबै हद अनि बेहदको दुनियाँमा बेहदको पिता प्रत्यक्ष हुनेछन्। म यो सन्देश यसैले दिन चाहन्छु कि अन्तमा“ भगवान धर्तीमा आए तर हामीलाई भन्दा पनि भनेनन्” भनेर कसैले आरोप नदिउन्। किनभने व्यक्त समय को घडि पूरा हुनेवाला छ। अनि अव्यक्त दुनियाँ अनि समय आउनेवाला छ। सबै अचानक हुनेछ। बेहदका पिता बेहदको बच्चाहरूलाई दिव्य अलौकिक विमानमा परम प्रकाश अनि परम तत्वको दुनियाँमा लिएर जानेछन्। यो स्थूल दुनियाँ परम तत्वमा परिवर्तन हुनेछ। मुक्ति अनि जीवन मुक्ति पनि शुरु हुनेछ। **जब परम तत्व अनि परम प्रकाश धर्तीमा आउनेछ तब कमजोर आत्मा त्यस शक्तिलाई सहन सक्ने छैनन्।**त्यसैले हामीले अहिले देखि नै **तिब्र पुरुषार्थ गर्नु जरुरी छ**। अनि आफ्नो संकल्प विश्व परिवर्तनमा लगाउनु छ। अब अन्तिम उडानको समय छ।
अलमाइटि अथोरिटी हामीलाई बेहदको दुनियाँमा लिएर जानको निम्ति आउनु भएको छ, जुन परम तत्व अनि परम प्रकाशको छ। आउनेवाला युग अविनाशी युग, अमरलोक बन्नेछ। बेहदको परिवर्तन हुनेछ।

**Silence : माने योगको शक्ति नयाँ लहर ल्याउने छ।**

।।। परमशान्ति ।।।

## परम महासंकल्प (Affirmations )

- म बेहदको परम परम महान आत्मा हुँ।
- म परमात्माको समान ब्रह्म स्वरूप आत्मा हुँ।
- म बेहदको विश्वको कल्याणकारी आत्मा हुँ।
- म बेहदको विश्व परिवर्तनको एक निमित्त आत्मा हुँ ।
- म बेहदको परमशान्ति स्वरूप आत्मा हुँ।
- म बेहद परमानन्द स्वरूप आत्मा हुँ।
- म कर्मयोगी आत्मा हुँ।
- म तपस्वी रुप आत्मा हुँ।
- मेरो आत्मा परम प्रकाशको छ।
- म परम दिव्य प्रकाश स्वरूप आत्मा हुँ।
- म एक प्रकाशको समान परम प्रकाश स्वरूपमा छु।
- म परम सुखमा छु।
- मेरो स्वरूप दिव्य प्रकाश अनि परम शक्तिले भरपूर छ।
- मेरो आत्मा अनि शरीर परम प्रकाश अनि परम तत्वले भरिएको छ।
- म बेहदको परम परम परम महा आत्मा हुँ।
- मेरो स्थूल, सुक्ष्म अनि कारण शरीर परम प्रकाशले भरिएको छ ।

- मेरो चारैतिर बेहदको परम परम महाशान्तिको तरंग चारैतिर फैलिएको छ।
- म भित्र परमशान्तिको तरंग चारैतिर फैलिरहेको छ।
- समस्त जगतमा परमशान्ति भैरहेको छ।
- समस्त ब्रह्माण्डमा परम परम महाशान्ति भैरहेको छ।
- समस्त ब्रम्हाण्ड, आकाश गङ्गामा परमशान्ति भैरहेको छ।
- समस्त ब्रह्माण्ड, महाब्रह्माण्ड, परम महाब्रह्माण्डहरुमा परम परम महाशान्ति भैरहेको छ।
- स्थूल, कारण अनि महाकारण जगतमा परमशान्ति अनि परम सुख भैरहेको छ।
- म फरिश्ता स्वरूप हुँ।
- मेरो शरीर स्वस्थ अनि राम्रो छ।
- बेहदको परम परम परम राम्रो भैरहेको छ।
- म बेहदको परमधाम स्थित परम आनन्दमा छु।
- मेरो आभा परम प्रकाश तथा दिव्य प्रकाशको छ।
- म बेहद खुशी अनि सुखी आत्मा हुँ। म सम्पन्न, सम्पूर्ण तथा पवित्र बेहदको आत्मा हुँ।
- म बेहदको परमपिता परमात्मा को अंश हुँ। अनि बेहदको महान आत्मा हुँ।
- म बेहदको परम परम परम महान आत्मा हुँ। पुरै विश्वमा बेहदको परम परम परम महाशान्ति भैरहेको छ।

यहि दृढ संकल्प द्वारा वायु मण्डल बदलिनेछ अर्थात् परमशान्ति को तरंग बाट परमशान्ति समस्त ब्रह्माण्ड अनि लोकहरुमा जानेछन । प्रवल संकल्प शक्तिद्वारा

परिवर्तन निश्चित छ।

https://www.youtube.com/watch?v=Gtgx8cT99J8&list=PL2alkWGa9R5lWzND4ZXzFRWISUHhBGR7D&index=12

यो माथिको परम महासंकल्पको लागि युट्युब च्यानलको लिंक हो। त्यो सुनेर योग गर्न सकिन्छ।


**बेहदको महामंत्र विश्व शान्तिको लागि बेहदको परम परम महाशान्ति सोच्नुहोस, बोल्नुहोस परमशान्ति मिल्नेछ ।**

**आत्माको मूल लक्ष्य परमानन्द स्वरूपलाई प्राप्त हुनु हो। प्रत्येक जीव आफूलाई ब्रह्म स्वरूप सम्झेर उनै परमात्मा अर्थात् आफ्नो रचयितामा लिन भएर उच्चको पनि उच्च बेहदको अविनाशी लोकमा आफूलाई बसाउनुलाई आत्मा स्वरूप भन्छौं। जीवको लक्ष्य 'जिव ' बाट 'शिव ' बन्ने हुनुपर्छ। स्वः परिवर्तन नै विश्व परिवर्तन हो ।**

# हाम्रो ब्रह्माण्डको चित्र ( चित्र नं १ )



## हाम्रो १०० कलाको ब्रह्माण्ड (Multiverse) को चित्र (चित्र २)



# मल्टिवर्सको छोटकरी जानकारी




| | | | |
|---|---|---|---|
| शिव → | यस ब्रम्हाण्डका मालिक हुन् | | |
| महाशिव → | महाब्रम्हाण्ड यानि आकाशगंगा यानि galaxy का मालिक हुन्। | उनी अनन्ता - अनन्त शिवका रचयिता हुन्। | एउटा आकाशगंगामा अनन्ता - अनन्त ब्रम्हाण्ड हुन्छन्। |
| परम महाशिव → | परम महा ब्रम्हाण्ड यानि Universe का मालिक हुन्। | उनी अनन्ता - अनन्त महाशिवका रचयिता हुन्। | एउटा युनिवर्समा अनन्ता - अनन्त आकाशगंगा हुन्छन्। |
| परम परम महाशिव → | परम परम महा ब्रम्हाण्ड यानि Great Universe (G1) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम महाशिवका रचयिता हुन्। | एउटा G1 मा अनन्ता - अनन्त युनिवर्स हुन्छन्। |
| अब हामी जतिवटा परम छ त्यसको पछाडी अंक जस्तो परम परम परम लाई हामी परम$^{३}$ लेख्ने छौं , अनि जति वटा Great छ त्यसको पछाडी पनि अंक राख्ने छौं जस्तो Great Great लाई हामी Great- 2 (G2) लेख्ने छौं। | | | |
| परम परम परम महाशिव (परम$^{३}$ महाशिव ) → | परम परम परम महा ब्रम्हाण्ड यानि Great Great Universe [ Great- 2 Universe] (G2) का मालिक हुन् | उनी अनन्ता ( अनन्त परम परम महाशिवका रचयिता हुन्। | एउटा G2 मा अनन्ता - अनन्त G1 हुन्छन्। |
| परम$^{४}$ महाशिव → | परम$^{४}$ महा ब्रम्हाण्ड यानि Great Great Great Universe/ Great 3 Universe (G3) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम परम परम महाशिवका रचयिता हुन्। | एउटा G3 मा अनन्ता - अनन्त G2 हुन्छन्। |
| परम$^{५}$ महाशिव → | परम$^{५}$ महा ब्रम्हाण्ड यानि Great - 4 Universe (G4) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम$^{४}$ महाशिवका रचयिता हुन्। | एउटा G4 मा अनन्ता - अनन्त G3 हुन्छन्। |
| परम$^{६}$ महाशिव → | परम$^{६}$ महा ब्रम्हाण्ड यानि Great - 5 Universe ( G5 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम$^{५}$ महाशिवका रचयिता हुन्। | एउटा G5 मा अनन्ता - अनन्त G4 हुन्छन्। |
| परम$^{७}$ महाशिव → | परम$^{७}$ महा ब्रम्हाण्ड यानि Great - 6 Universe ( G6) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम$^{६}$ महाशिवका रचयिता हुन्। | एउटा G6 मा अनन्ता - अनन्त G5 हुन्छन्। |
| परम$^{८}$ महाशिव → | परम$^{८}$ महा ब्रम्हाण्ड यानि Great - 7 Universe ( G7 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम$^{७}$ महाशिवका रचयिता हुन्। | एउटा G7 मा अनन्ता - अनन्त G6 हुन्छन्। |
| परम$^{९}$ महाशिव → | परम$^{९}$ महा ब्रम्हाण्ड यानि Great - 8 Universe ( G8 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम$^{८}$ महाशिवका रचयिता हुन्। | एउटा G8 मा अनन्ता - अनन्त G7 हुन्छन्। |
| परम$^{१०}$ महाशिव → | परम$^{१०}$ महा ब्रम्हाण्ड यानि Great - 9 Universe ( G9 ) का मालिक हुन् | उनी अनन्ता- अनन्त परम$^{९}$ महाशिवका रचयिता हुन्। | एउटा G9 मा अनन्ता - अनन्त G8 हुन्छन्। |
| परम$^{११}$ महाशिव → | परम$^{११}$ महा ब्रम्हाण्ड यानि Great - 10 Universe ( G10 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम$^{१०}$ महाशिवका रचयिता हुन्। | एउटा G10 मा अनन्ता - अनन्त G9 हुन्छन्। |

| | | | |
|---|---|---|---|
| परम १२ महाशिव → | परम १२ महा ब्रम्हाण्ड यानि Great - 11 Universe ( G11 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम ११ महाशिवका रचयिता हुन्। | एउटा G11 मा अनन्ता - अनन्त G10 हुन्छन्। |
| परम १३ महाशिव → | परम १३ महा ब्रम्हाण्ड यानि Great - 12 Universe ( G12 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम १२ महाशिवका रचयिता हुन्। | एउटा G12 मा अनन्ता - अनन्त G11 हुन्छन्। |
| परम १४ महाशिव → | परम १४ महा ब्रम्हाण्ड यानि Great – 13 Universe ( G13 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम १३ महाशिवका रचयिता हुन्। | एउटा G13 मा अनन्ता - अनन्त G12 हुन्छन्। |
| परम १५ महाशिव → | परम १५ महा ब्रम्हाण्ड यानि Great - 14 Universe ( G14 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम १४ महाशिवका रचयिता हुन्। | एउटा G14 मा अनन्ता - अनन्त G13 हुन्छन्। |
| परम १६ महाशिव → | परम १६ महा ब्रम्हाण्ड यानि Great - 15 Universe ( G15 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम १५ महाशिवका रचयिता हुन्। | एउटा G15 मा अनन्ता - अनन्त G14 हुन्छन्। |
| परम १७ महाशिव → | परम १७ महा ब्रम्हाण्ड यानि Great – 16 Universe ( G16 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम १६ महाशिवका रचयिता हुन्। | एउटा G16 मा अनन्ता - अनन्त G15 हुन्छन्। |
| परम १८ महाशिव → | परम १८ महा ब्रम्हाण्ड यानि Great - 17 Universe ( G17 ) का मालिक हुन् | उनी अनन्ता - अनन्त परम१७ महाशिवका रचयिता हुन्। | एउटा G17 मा अनन्ता - अनन्त G16 हुन्छन्। |

यो माथिको टेबल अनि चित्र नं २ , हाम्रो multiverse यानि हाम्रो १०० कलाको ब्रह्माण्डको हो। यसमा सबै भन्दा सानो इकाई हाम्रो ब्रह्माण्ड (solar system) हो।

हाम्रो ब्रम्हाण्डमा १४ लोक छन् (चित्र नं १ मा हेर्नुहोला) । १४ भुवनको परिमाण (बिस्तार), ७ खरब ७७ अरब ६० करोड किलोमिटर छ। ब्रह्मापुरी सम्म सूर्यको रोशनी जान्छ। विष्णुपुरी र शिवपुरी ब्रह्माण्डबाट बाहिर छन्।
भुलोक, भुवर्लोक, स्वर्गलोक, महर्लोक , जनलोक, तपलोक अनि सत्यलोक (ब्रह्मलोक) भगवान विष्णुको नाभिभन्दा माथि छन्। अतल, वितल , सुतल , तलातल, महातल, रसातल अनि पाताल नाभि भन्दा तल छन्। पाताल भन्दा तल ५५ करोड नरकहरु छन्। शिशुमार चक्र जुन गाई आकारको तारा समूह हो, त्यसको पुच्छरको अग्रभागमा ध्रुव स्थित छन्। ध्रुव समस्त ज्योतिर्मण्डलको केन्द्र हो। ध्रुव तारा सूर्यबाट १४ लाख योजन पर छ। तलको चित्रमा ध्रुव तारा र अरु ग्रहहरुको बिस्तार छोटकरिमा दिइएको छ।



हाम्रो ब्रह्माण्ड जस्तो ब्रह्माण्डहरु अन्नतकोटी छन्। अनि ती प्रत्येक ब्रह्माण्डको आ-आफ्नो रचयिता शिव छन् । अनि सबको आ-आफ्नो ब्रह्मा, बिष्णु अनि महेश छन्। अन्नतकोटी शिवको रचयिता महाशिव हुन्।
महाशिव आकाशगंगाको मलिक हुन् अनि एउटा आकाश गंगामा अनन्ता अनन्त ब्रह्माण्ड हुन्छन्। अब महाशिवका पनि रचयिता छन् , जो परम महाशिव हुन् । हाम्रो युनिवर्समा अनन्ता अनन्त Galaxy हरु छन्। भनेपछि महाशिव पनि अनन्ता अनन्त भए। अब युनिवर्सका मालिक परम महाशिव हुन्। त्यस्तै गरि अनन्ता अनन्त युनिवर्स छन्। एउटा Great Universe (G1) यानि परम परम महा ब्रह्माण्डमा अनन्ता अनन्त युनिवर्स छन्। G1 का मालिक परम परम महाशिव हुन् ।

G1 बाट माथि G2 भयो। G2 भित्र अनन्ता अनन्त G1 छन्। G2 का मालिक परम$^{३}$ महाशिव हुन् ।
G2 बाट माथि G3 भयो। G3 भित्र अनन्ता अनन्त G2 छन्। G3 का मालिक परम$^{४}$ महाशिव हुन् ।
G3 बाट माथि G4 भयो। G4 भित्र अनन्ता अनन्त G3 छन्। G4 का मालिक परम$^{५}$ महाशिव हुन् ।
G4 बाट माथि G5 भयो। G5 भित्र अनन्ता अनन्त G4 छन्। G5 का मालिक परम$^{६}$ महाशिव हुन् ।
G5 बाट माथि G6 भयो। G6 भित्र अनन्ता अनन्त G5 छन्। G6 का मालिक परम$^{७}$ महाशिव हुन् ।
G6 बाट माथि G7 भयो। G7 भित्र अनन्ता अनन्त G6 छन्। G7 का मालिक परम$^{८}$ महाशिव हुन् ।
G7 बाट माथि G8 भयो। G8 भित्र अनन्ता अनन्त G7 छन्। G8 का मालिक परम$^{९}$ महाशिव हुन् ।
G8 बाट माथि G9 भयो। G9 भित्र अनन्ता अनन्त G8 छन्। G9 का मालिक परम$^{१०}$ महाशिव हुन् ।
G9 बाट माथि G10 भयो। G10 भित्र अनन्ता अनन्त G9 छन्। G10 का मालिक परम$^{११}$ महाशिव हुन् ।
G10 बाट माथि G11 भयो। G11 भित्र अनन्ता अनन्त G10 छन्। G11 का मालिक परम$^{१२}$ महाशिव हुन् ।
G11 बाट माथि G12 भयो। G12 भित्र अनन्ता अनन्त G11 छन्। G12 का मालिक परम$^{१३}$ महाशिव हुन् ।
G12 बाट माथि G13 भयो। G13 भित्र अनन्ता अनन्त G12 छन्। G13 का मालिक परम$^{१४}$ महाशिव हुन् ।
G13 बाट माथि G14 भयो। G14 भित्र अनन्ता अनन्त G13 छन्। G14 का मालिक परम$^{१५}$ महाशिव हुन् ।
G14 बाट माथि G15 भयो। G15 भित्र अनन्ता अनन्त G14 छन्। G15 का मालिक परम$^{१६}$ महाशिव हुन् ।
G15 बाट माथि G16 भयो। G16 भित्र अनन्ता अनन्त G15 छन्। G16 का मालिक परम$^{१७}$ महाशिव हुन् ।
G16 बाट माथि G17 भयो। G17 भित्र अनन्ता अनन्त G16 छन्। G17 का मालिक परम$^{१८}$ महाशिव हुन् ।
हाम्रो Multiverse मा यस्तो असंख्य G17 हरु छन्। हाम्रो Multiverse १०० कलाको छ।

हाम्रो युनिवर्स १६ कलाको गाइएको छ। भगवान कृष्णलाई पनि १६ कला सम्पन्न बताइएको छ। कला माने आत्माको शक्ति। जति जति हामी तलबाट माथि माथि जान्छौं उति उति रचयिताको शक्ति पनि बढ्दै जान्छ । अनि त्यहि अनुरुप कला पनि बढ्दै जान्छ, परम तत्वको गुण पनि बढ्दै जान्छ। त्यसैले शिव भन्दा महाशिव शक्तिशाली छन्।
महाशिव भन्दा परम महाशिव शक्तिशाली छन्। परम महाशिव भन्दा परम परम महाशिव शक्तिशाली छन् आदि।
तर अहिले १५० अरब प्रकाश वर्षको दृश्य परममहाब्रह्माण्ड (भिजिबल युनिवर्स) पनि शून्य (0) कलामा छ।

सबै आत्माको शक्तिलाई मध्य नजर गरेर सबै आत्मालाई बुझ्न सजिलो होस् भनेर यहाँ खालि मल्टिवर्स सम्मको बारेमा मात्रै छोटकरीमा उल्लेख गर्यौं। बेहदको ब्रह्माण्डमा यस्तो अनन्ता अनन्त मल्टिवर्स छन्। जसको रचयिता बेहदको पिता हुन्।

https://www.youtube.com/watch?v=9kSNALzGZwc&list=PLhwIbX87USVFjSoNr7uVroguK7_LDbRTd&index=22

यो माथिको लिंक युट्युब च्यानलको हो जस्मा युनिवर्स देखि मल्टिवर्स सम्म बताइएको छ। त्यसमा कुन कुन ब्रह्माण्डमा कति कति तत्व , परम तत्व छ, कति तह छ, कुन कुन तहमा को को छन् सबै बताइएको छ।

सबै आत्माहरुको कल्याण होस्।

।।। परमशान्ति।।।




## विश्वशान्तिको लागि बेहदको महामंत्र

**" बेहदको परम परम महाशान्ति**

**सोच्नुहोस, बोल्नुहोस परमशान्ति मिल्नेछ। "**

आत्माको मूल लक्ष्य परमानन्द स्वरूपलाई प्राप्त हुनु हो। प्रत्येक जीव आफूलाई ब्रह्म स्वरूप सम्झेर उनै परमात्मा अर्थात् आफ्नो रचयितामा लिन भएर उच्चको पनि उच्च बेहदको अविनाशी लोकमा आफूलाई बसाउनुलाई आत्मा स्वरूप भन्छौं। जीवको लक्ष्य 'जीव' बाट 'शिव' बन्ने हुनुपर्छ।

**" स्व: परिवर्तन नै विश्व परिवर्तन हो। "**

Youtube channel : www.youtube.com/anant98251

**Website: www.paramshanti.org**